# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८०/०८१



लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

**वन निर्देशनालय**

बुटवल, रुपन्देही




| District | Forest (ha.th.) | Forest (%) | Other Land (ha. th.) | Other Land (%) |
|---|---|---|---|---|
| Arghakhanchi | 73.96 | 59.69 | 49.95 | 40.31 |
| Banke | 117.91 | 62.70 | 70.14 | 37.30 |
| Bardiya | 113.69 | 56.82 | 86.38 | 43.18 |
| Dang | 200.72 | 65.60 | 105.26 | 34.40 |
| Gulmi | 46.34 | 41.83 | 64.44 | 58.17 |
| Kapilbastu | 60.97 | 36.92 | 104.17 | 63.08 |
| Nawalparasi | 22.00 | 81.30 | 50.60 | 18.70 |
| Palpa | 82.77 | 56.62 | 63.42 | 43.38 |
| Pyuthan | 64.67 | 48.95 | 67.43 | 51.05 |
| Rolpa | 99.60 | 52.82 | 88.95 | 47.18 |
| Rukum | 66.25 | 39.39 | 101.94 | 60.61 |
| Rupandehi | 25.51 | 19.54 | 105.01 | 80.46 |
| Total | 974.38 | 50.43 | 957.68 | 49.57 |

| District | Sub-Metropolitan city | Urban Municipality | Rural Municipality | Development Area | Grand Total |
|---|---|---|---|---|---|
| ARGHAKHANCHI | | 3 | 3 | | 6 |
| BANKE | 1 | 1 | 6 | | 8 |
| BARDIYA | | 7 | 2 | | 9 |
| DANG | 2 | 1 | 7 | | 10 |
| GULMI | | 2 | 10 | | 12 |
| KAPILBASTU | | 6 | 4 | | 10 |
| NAWALPARASI | | 3 | 4 | | 7 |
| PALPA | | 2 | 8 | | 10 |
| PYUTHAN | | 2 | 7 | | 9 |
| ROLPA | | 1 | 9 | | 10 |
| RUKUM | | | 3 | | 3 |
| RUPANDEHI | 1 | 5 | 10 | 1 | 17 |
| Grand Total | 4 | 33 | 73 | 1 | [illegible] |

# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८०/०८१




लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

बुटवल, रूपन्देही

फोन नं. ०७१-५७२९६८

E-mail: forestdirectorate5@gmail.com    Website: https://pfdir.lumbini.gov.np

प्रकाशक

**वन निर्देशनालय**
लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही
फोन नं. ०७१-५७२९६८
E-mail: forestdirectorate5@gmail.com
Website: https://pfdir.lumbini.gov.np

सल्लाहकार
नि.महानिर्देशकः प्रभात सापकोटा

सम्पादक
उपसचिव (प्रा): यज्ञमूर्ति खनाल
वरिष्ठ वन अधिकृतः डिलाराम पौडेल
वरिष्ठ वन अधिकृतः वीरेन्द्र कुमार रोका

तयार गर्ने
वरिष्ठ भू संरक्षण अधिकृतः सन्दीप चौधरी

आवरण फोटो
सिस्ने हिमाल, रुकुम (पुर्व) (© यज्ञमूर्ति खनाल)

# दुई शब्द



वन तथा वातावरण मन्त्रालय मातहत रहने गरी संघीय र प्रदेशका वन सम्बन्धी कानूनले तोकेका कार्यसम्पादनका अतिरिक्त प्रदेशको समग्र वन संरक्षण, व्यवस्थापन र सदुपयोग तथा जलाधार व्यवस्थापनको लागि अनुगमन निरीक्षणका साथै समन्वयात्मक भूमिकामा वन निर्देशनालयको प्रशासनिक संगठन संरचना संचालनमा रहेको छ । नेपालको संविधानको अनुसुची ६ अनुसार प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेशको अधिकारको सूचीमा भए अनुसार लुम्बिनी प्रदेशको राष्ट्रिय वन व्यवस्थापनको लागि कार्यविभाजन नियमावली मार्फत् प्रदेश सरकारले वन तथा वातावरण मन्त्रालय गठन गरी सो अन्तर्गत रहेको यस वन निर्देशनालय मातहतमा रहेका १४ वटा डिभिजन वन कार्यालयहरू र ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूबाट आ.व. २०८०।८१ मा सम्पादन भएका लुम्बिनी प्रदेशको वन संरक्षण र व्यवस्थापन तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कार्यहरूको सारांश प्रगति, जानकारी र सूचना सहज रूपमा प्रवाह गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ ।

लुम्बिनी प्रदेशमा भएको १० लाख ४९ हजार ४०८ हेक्टर वन क्षेत्रमध्ये वनको दिगो व्यवस्थापनको लागि ४०४९ सामुदायिक वन उपभोक्ता समूहमार्फत् ४ लाख २२ हजार २४९.६ हेक्टर वनक्षेत्र तथा ८ वटा साझेदारी वन समूह मार्फत् २१ हजार ७४७ हेक्टर वनक्षेत्र समुदायमा आधारित वन व्यवस्थापन पद्दती अनुसार संरक्षण तथा व्यवस्थापन भैरहेको छ भने ४ वटा संरक्षित वन, ३० वटा धार्मिक वन तथा ४१६ वटा कबुलियती वन समूहले स्वीकृत कार्ययोजना बमोजिम वन संरक्षण तथा सदुपयोग गरिरहेका छन् । उक्त समुदायमा आधारित वन व्यवस्थापन तथा डिभिजन वन कार्यालय मार्फत् भएका सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन (चक्ला वन समेत), प्रदेशको समग्र वन क्षेत्र संरक्षण र व्यवस्थापन, वन निर्देशनालयको परिचयात्मक जानकारी, आ.व. २०८०/०८१ को वित्तिय प्रगति लगायतका विभिन्न पक्षहरूलाई चार वटा भागमा विभाजन गरी पाचौं भागमा मातहतका कार्यालयहरूले सम्पादन गरेका कार्यहरू तथा अनुगमन निरीक्षणको क्रममा लिइएका तस्विरहरू समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ । यो प्रतिवेदनमा विशेष गरी डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट प्राप्त भएको तथ्याङ्क र जानकारी समावेश गरी तयार गरिएकोले यसबाट लुम्बिनी प्रदेशको वन, वातावरण, जलाधार, जैविक विविधता आदि विषयमा रुचि र चासो राख्ने सम्बन्धित क्षेत्रका विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, योजना/परियोजना निर्माण गर्ने व्यक्ति संस्था वा निकाय, वन कर्मचारी, वन समूह तथा सञ्जालहरु एवम् सम्पूर्ण सरोकारवालाहरुलाई उपयोगी हुनेछ भन्ने अपेक्षा राखिएको छ ।

यस पुस्तिका तयार गर्न तथ्याङ्क उपलब्ध गराउने र प्रत्यक्ष तथा परोक्ष सहयोग गर्नुहुने यस निर्देशनालय र मातहतका सम्पूर्ण कार्यालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै उपसचिव (प्रा.) श्री यज्ञमूर्ति खनाल, वरिष्ठ वन अधिकृतहरु श्री डिलाराम पौडेल र वीरेन्द्र कुमार रोकासमेत यस कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । प्रतिवेदन तयारीमा अहोरात्र खट्ने जलाधार व्यवस्थापन तथा समन्वय शाखाका बरिष्ठ भू संरक्षण अधिकृत श्री सन्दीप चौधरी विशेष धन्यवादका पात्र हुनुहुन्छ । अन्तमा यस पुस्तिकामा भएका त्रुटीहरू औल्याई आगामी समयमा यसलाई थप परिस्कृत बनाउन यहाँहरूको अमूल्य सहयोग रहनेछ भन्ने अपेक्षा गरेको छु । धन्यवाद ।

..............................

प्रभात सापकोटा

नि. महानिर्देशक

# विषय-सूची


भाग १ वन निर्देशनालयको संक्षिप्त परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ दरवन्दी र पदपूर्तिको अवस्था........ १
१.३ सँगठन संरचना ........ ३
१.४ वन निर्देशनालय र प्रदेश वन निर्देशक/महानिर्देशकले सम्पादन गर्नुपर्ने मुख्य मुख्य कार्यहरु ........ ५
भाग २ लुम्बिनी प्रदेशमा वन क्षेत्र ........ ८
२.१ पृष्ठभूमि........ ८
२.२ वन क्षेत्र........ ९
२.३ व्यवस्थापनको आधारमा वनको आधारमा वनको विवरण........ १०
२.३.१ राष्ट्रिय वन ........ १०
२.३.२ निजी वन ........ १५
२.४ राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रहरु ........ १६
२.५ जलाधार क्षेत्र ........ १७
२.६ सिमसार क्षेत्र ........ १७
भाग ३ वन व्यवस्थापन, वन पैदावर उत्पादन, विरूवा उत्पादन तथा वन संरक्षण सम्बन्धी विवरण ........ १८
३.१ वन व्यवस्थापन ........ १८
३.२ वन पैदावर उत्पादन ........ १९
३.३ नर्सरी, विरूवा उत्पादन तथा वृक्षरोपण सम्बन्धि विवरण........ २८
३.४ वन संरक्षण सम्बन्धी विवरण........ ३१
३.५ मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापन सम्बन्धी विवरण ........ ३६
३.६ वन उद्यम सम्बन्धी विवरण........ ४३
३.७ वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि प्रयोग भएको सम्बन्धि विवरण ........ ४५
भाग ४ वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरुबाट संचालित वार्षिक कार्यक्रमहरुको प्रगति विवरण. ४७
४.१ वन तथा वातावरण मन्त्रालयको समग्र बजेट तथा प्रगति अवस्था........ ४७
भाग ५ वन निर्देशनालयद्धारा सम्पादित मुख्य क्रियाकलापहरू ........ ६२
कार्यक्रम संचालन तथा स्थलगत अनुगमन/निरीक्षणका तस्विरहरु ........ ६२
अनुसूची १ ........ ६६
अन्सुची २ ........ ८०
अन्सुची ३ ........ ८१

## प्रदेशको संक्षिप्त विवरण

| | |
|---|---|
| प्रदेशको जम्मा क्षेत्रफल (हे.) | १९,१९,४१७ |
| वन जंगलले ढाकेको क्षेत्रफल (हे.) | ११,०१,५६४ (NLCMS, 2024) |
| **सामुदायिक वनको विवरण** | |
| सामुदायिक वनको संख्या | ४०४९ |
| सामुदायिक वनको क्षेत्रफल (हे.) | ४४२२४९.६ |
| घरधुरी संख्या | ९३७८२६ |
| **साझेदारी वनको विवरण** | |
| साझेदारी वनको संख्या | ८ |
| साझेदारी वनको क्षेत्रफल (हे.) | २१७४७.१२ |
| **धार्मिक वनको विवरण** | |
| वनको संख्या | ३० |
| वनको क्षेत्रफल (हे.) | ९४० |
| **कवुलियती वनको विवरण** | |
| वनको संख्या | ४१६ |
| वनको क्षेत्रफल (हे.) | २४६९ |
| **दर्ता निजी वनको विवरण** | |
| वनको संख्या | १०१९ |
| वनको क्षेत्रफल (हे.) | ७१७.३४ |
| **संरक्षित वन क्षेत्र** | |
| संरक्षित वन क्षेत्रको संख्या | ४ (२ वटा प्रस्तावित) |
| संरक्षित वन क्षेत्रको क्षेत्रफल (हे.) | ९८२१९.५५ |
| **काठ, दाउरा उत्पादन/संकलन** | |
| **काठ (क्यू.फि.) संकलन** | आ.व. २०८०/०८१ |
| सामुदायिक वनबाट | २०,४५,९४५ |
| सरकारद्वारा व्यवस्थित वनबाट | १,५४,२३२ |
| साझेदारी वनबाट | १,७६,७४३ |
| निजी वन (दर्ता नभएको समेत) बाट | १६,४४,४९९ |
| **दाउरा (चट्टा) संकलन** | |
| सामुदायिक वनबाट | ५५८८.१ |
| सरकारद्वारा व्यवस्थित वनबाट | ३४८.१५ |
| साझेदारी वनबाट | ४९५.५ |
| निजी वन (दर्ता नभएको समेत)बाट | ४२०१ |

# भाग १
# वन निर्देशनालयको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमि

लुम्बिनी प्रदेश सरकारको प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७९ अनुसार वन, भू संरक्षण तथा वातावरणसँग सम्बन्धित विषय हेर्ने गरी प्रदेश सरकार अन्तर्गत वन तथा वातावरण मन्त्रालय रहने व्यवस्था रहेको छ । त्यसैगरी वन तथा वातावरण मन्त्रालय अन्तर्गत प्रदेशस्तरको वन निर्देशनालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र रहने व्यवस्था छ । वन निर्देशनालय अन्तर्गत १४ डिभिजन वन कार्यालय र ४ भू तथा जलाधार व्यवस्थापन कार्यालय रहेका छन् । प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय र डिभिजन वन कार्यालय एवं भू तथा जलाधार व्यवस्थापन कार्यालयविच समन्वयकारी भूमिका तथा अनुगमन निरिक्षण एवं सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले वन निर्देशनालयको परिकल्पना गरिएको हो । प्रदेश सरकारको मिति २०७५/०४/१४ को निर्णयानुसार रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका-७. गार्गी पथ, भैरहवामा मिति २०७५/७/१२ देखि वन निर्देशनालयको कार्य संचालन हुँदै आएकोमा वन तथा वातावरण मन्त्रालयको मिति २०८०/०१/०३ को निर्णयानुसार रूपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका-८ स्थित साविक वन तथा वातावरण मन्त्रालय रहेको भवनवाट हाल निर्देशनालयको कार्यालय सञ्चालन हुँदै आइरहेको छ।

## १.२ दरवन्दी र पदपूर्तिको अवस्था

वन निर्देशनालयको कुल कर्मचारी दरवन्दी संख्या २८ रहेको छ । लुम्बिनी प्रदेश सरकारको मिति २०८१/०५/०६ को निर्णयबाट स्वीकृत दरवन्दी सम्बन्धी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १ निर्देशनालयको दरवन्दी र पदपूर्तिको अवस्था

| सि. नं. | पद | सेवा/समूह | तह | कूल दरवन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | वन/ज.फ. | एघारौं | १ | ० | १ | |
| २ | वन उपनिर्देशक/वन निर्देशक | वन/ज.फ. | नवौं/दशौं | ४ | २ | २ | १ नि. महानिर्देशक, १ कामकाज |
| ३ | वन उपनिर्देशक/वन निर्देशक | वन/ज.फ. | नवौं/दशौं | | | | |
| ४ | वन उपनिर्देशक/वन निर्देशक | वन/ज.फ. | नवौं/दशौं | | | | |
| ५ | वन उपनिर्देशक/वन निर्देशक | वन/ज.फ. | नवौं/दशौं | | | | |
| ६ | भू संरक्षण अधिकृत/व. भू संरक्षण अधिकृत | वन/स्वा.एण्ड वा.क. | सातौं/आठौं | १ | १ | ० | |

| सि. नं. | पद | सेवा/समूह | तह | कूल दरवन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७ | वन अधिकृत/वरिष्ठ वन अधिकृत | वन/ज.फ. | सातौं/आठौं | ३ | २ | १ | |
| ८ | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत | प्रशासन/सा.प्र. | सातौं/आठौं | १ | १ | ० | |
| ९ | रेन्जर/सहायक वन अधिकृत | वन/ज.फ. | पाचौं/अ.छैटौं | ३ | ० | ३ | |
| १० | भू संरक्षण सहायक/अधिकृत (भू संरक्षण) | वन/स्वा.एण्ड वा.क. | पाचौं/अ.छैटौं | १ | ० | १ | |
| ११ | वरिष्ठ प्रशासन सहायक/अधिकृत | प्रशासन/सा.प्र. | पाचौं/अ.छैटौं | १ | १ | ० | |
| १२ | लेखापाल/अधिकृत(लेखा) | प्रशासन/लेखा | पाचौं/अ.छैटौं | १ | १ | ० | |
| १३ | क.अपरेटर/अधिकृत(कम्प्युटर) पाचौ/छैठो | प्रशासन/विविध | पाचौं/अ.छैटौं | १ | १ | ० | करार सेवा |
| १४ | प्रशासन सहायक | प्रशासन/सा.प्र. | चौंथो | १ | ० | १ | |
| १५ | फरेष्टर/वरिष्ठ फरेष्टर | वन/ज.फ. | चौंथो/पाचौं | २ | १ | १ | |
| १६ | वन रक्षक | वन/ज.फ. | तेस्रो | २ | ० | २ | |
| १७ | ह.स.चा. | प्रशासन/सा.प्र. | तह विहिन | २ | २ | ० | करार सेवा |
| १८ | का.स | प्रशासन/सा.प्र. | तह विहिन | ४ | ४ | ० | करार सेवा |
| जम्मा | | | | २८ | १६ | १२ | |

*(स्रोतः प्रशासन शाखा, वन निर्देशनालय, बुटवल, २०८१)*

## तालिका नं. २ वन निर्देशनालय अन्तर्गत पर्ने कार्यालयहरुको ठेगाना र दरबन्दी विवरण

| सि.नं. | डिभिजन वन कार्यालय | | |
|---|---|---|---|
| | नाम | ठेगाना | कूल दरवन्दी |
| १ | डिभिजन वन कार्यालय, नवलपरासी(व.सु.प.) | रामग्राम न.पा.२, परासी | ७७ |
| २ | डिभिजन वन कार्यालय, रुपन्देही | ओमसतिया गा.पा.-४, बसन्तपुर, रुपन्देही | ९२ |
| ३ | डिभिजन वन कार्यालय, पाल्पा | तानसेन न.पा.-५, बारुदखान, पाल्पा | ६१ |
| ४ | डिभिजन वन कार्यालय, गुल्मी | रेसुङ्गा न.पा. ८, तम्घास, गुल्मी | ४६ |
| ५ | डिभिजन वन कार्यालय, अर्घाखाँची | सन्धीखर्क न.पा.-४, अर्घाखाँची | ५१ |
| ६ | डिभिजन वन कार्यालय, कपिलबस्तु | कपिलबस्तु न.पा.-२, तौलिहवा | ९२ |
| ७ | डिभिजन वन कार्यालय, गौतमबुद्ध | शिवराज न.पा.-५, चन्द्रौटा | ९२ |
| ८ | डिभिजन वन कार्यालय, दाङ | घोराही उ.म.न.पा.-१४, भरतपुर, दाङ | १०८ |

| सि.नं. | डिभिजन वन कार्यालय | | |
|---|---|---|---|
| | नाम | ठेगाना | कूल दरवन्दी |
| ९ | डिभिजन वन कार्यालय, देउखुरी | लमही न.पा.-५, दाङ | १०८ |
| १० | डिभिजन वन कार्यालय, बाँके | नेपालगञ्ज उ.म.न.पा.-१४, सुर्खेतरोड, बाँके | ९३ |
| ११ | डिभिजन वन कार्यालय, बर्दिया | गुलरिया न.पा.-५, बर्दिया | ७६ |
| १२ | डिभिजन वन कार्यालय, प्यूठान | मल्लरानी गा.पा.-४, खलंगा | ४६ |
| १३ | डिभिजन वन कार्यालय, रोल्पा | रोल्पा न.पा.-४, लिवाङ | ५६ |
| १४ | डिभिजन वन कार्यालय, रुकुम पूर्व | सिस्ने गा.पा.-५, रूकुमपूर्व | ३५ |
| | **भू-तथा जलाधार व्यवस्थापन कार्यालय** | | |
| १ | भू-तथा जलाधार व्यवस्थापन कार्यालय, पाल्पा | तानसेन न.पा.-५, बारुदखान, पाल्पा | १७ |
| २ | भू-तथा जलाधार व्यवस्थापन कार्यालय, दाङ | तुल्सीपुर उ.म.न.पा.-६, दाङ | १७ |
| ३ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, अर्घाखाँची | सन्धीखर्क न.पा.-१, अर्घाखाँची | ८ |
| ४ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, रोल्पा | रोल्पा न.पा.-४, रोल्पा | ८ |
| | | | **१२३५** |

*(स्रोतः प्रशासन शाखा, वन निर्देशनालय, बुटवल, २०८१)*

## १.३ सँगठन संरचना

वन निर्देशनालयमा महानिर्देशक मातहत रहने गरी वन तथा वन्यजन्तु संरक्षण शाखा, वन व्यवस्थापन तथा सूचना शाखा, योजना तथा अनुगमन शाखा, जलाधार व्यवस्थापन तथा समन्वय शाखा र कर्मचारी प्रशासन शाखा गरी कूल ५ शाखा रहेका छन्। सोही बमोजिमको वन निर्देशनालयको सांगठनिक संरचना चित्र नं. १ मा तल प्रस्तुत गरिएको छ।




चित्र नं. १ वन निर्देशनालयको सांगठनिक संरचना

## १.४ वन निर्देशनालय र प्रदेश वन निर्देशक/महानिर्देशकले सम्पादन गर्नुपर्ने मुख्य मुख्य कार्यहरु

लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको सांगठनिक संरचना अन्तर्गत रहेको वन निर्देशनालय मन्त्रालयको एउटा महत्वपूर्ण अङ्ग हो। संघ र प्रदेशका वन र वातावरण सम्बन्धी कानूनले यसको भुमिका प्रष्टरुपमा उल्लेख गरेको छ। डिभिजनस्तरका कार्यालयहरु र मन्त्रालय तथा वन विभागबीच समन्वयकारी भूमिकामा वन निर्देशनालय रहेको, मन्त्रालयको नीति निर्माण, योजना, बजेट र कार्यक्रम तर्जुमा तथा वन संरक्षण, व्यवस्थापन, विकास, सदुपयोग र कार्यक्रम कार्यान्वयनको समग्र अनुगमन यसको जिम्मेवारी भित्र पर्दछन्। सङ्घीय तथा लुम्बिनी प्रदेशको वन र वातावरण सम्बन्धी ऐन, नियमावली, वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका समेतमा उल्लेखित व्यवस्थाहरू अनुसार निर्देशनालय र निर्देशकले सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु देहाय बमोजिम प्रस्तुत गरिएको छः

**१. कार्ययोजना स्वीकृत गर्नेः** डिभिजन वन कार्यालयहरुबाट सिफारिस भई आएका साझेदारी वनको कार्ययोजना (संशोधित कार्ययोजना समेत), संरक्षित वनको कार्ययोजना, जडिबुटी व्यवस्थापन योजना, जिल्ला/वन पैदावार आपूर्तिको वार्षिक कार्ययोजना र मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएका व्यवसायिक कबुलियती वनको कार्ययोजना निर्देशकले स्वीकृत गर्ने।

**२. साझेदारी वन र व्यवसायिक कबुलियती वन फिर्ता लिनेः** प्रचलित कानून, स्वीकृत कार्ययोजना र कार्यविधि/निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको बर्खिलाप काम गरी वनस्रोत र वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्ने कार्य गरेमा निर्देशकले त्यस्तो साझेदारी वन फिर्ता लिन र समुह विघटन गर्न सक्ने ।

**३. पुनरावेदन/उजुरी सुन्ने र अन्तिम निर्णय दिनेः** सामुदायिक वन फिर्ता लिई समुह दर्ता खारेज गर्ने, धार्मिक वन फिर्ता लिने, गरीवको लागि प्रदान गरिएको कलियती वन फिर्ता लिने र बेवारिसे तथा दहत्तर बहत्तर काठ, दाउराको हकदावी सम्बन्धी निर्णयमा डिभिजनल वन अधिकृतले गरेको निर्णय चित्त नबुझ्ने सम्बन्धित पक्षले निर्देशकसमक्ष पुनरावेदन दिन सक्ने र निर्देशकले गरेको निर्णय अन्तिम हुने ।

**४. कोड अद्यावधिक गर्नेः** सामुदायिक वन उपभोक्ता समुहको कोड अद्यावधिक गर्ने।

**५. टाँचा र सिल तयार गरी उपलब्ध गराउनेः** डिभिजन वन कार्यालयहरुले प्रयोग गर्ने टाँचा र सिल निर्देशनालयले तयार गरी उपलब्ध गराउनु पर्ने ।

**६. रुख कटान प्रक्रियामा तोकिएका कार्यहरु गर्नेः** रुख कटान तथा संकलनको क्रममा छपान चेकजाँच, कटानको लागि म्याद थप, जंगलमै घाटगद्दी र चिरान गर्नु पर्ने विशेष अवस्था परेमा त्यसको लागि स्वीकृति प्रदान, घाटगद्दी र ग्रेडिङ्ग चेकजाँच र कटान प्लटको अन्तिम जाँच निर्देशक वा निजले तोकेको अधिकृत प्रतिनिधीबाट गर्नु, गराउनु पर्ने। साथै लिलाम विक्री भएका काठ, दाउरा डिभिजनल वन अधिकृतले दिएको र थप गरेको म्यादभित्र समेत उठाउन नसकेमा डिभिजनल वन अधिकृतको सिफारिसमा म्याद थप गर्ने।

**७. वन पैदावारको लिलाम स्वीकृत गर्ने:** डिभिजन वन कार्यालयहरुले वन पैदावार लिलाम बिक्री गरेपछि तोकिएको सकार रकमको लिलाम स्वीकृत निर्देशकले गर्नुपर्ने ।

**८. अमानतबाट काम गर्ने स्वीकृति प्रदान गर्ने:** वार्षिक स्वीकृत कार्यक्रम एवम् रुखकटान, मुछान र संकलन कार्य कारणवश अमानतबाट गर्नुपर्ने अवस्था सृजना भई स्वीकृतिको लागि पेश हुन आएमा प्रचलित कानूनको अधिनमा रही स्वीकृति प्रदान गर्ने।

**९. खडा वा ढलेका रुखै बिक्री गर्नु परेमा** उक्त कार्य गर्नु पूर्व निर्देशकको स्वीकृती लिनु पर्ने ।

**१०. कबुलियती वनको प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराउने:** व्यवसायिक कबुलियती वनको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सो को प्रतिलिपि लिन परेमा निर्देशनालयमा निवेदन दिनु पर्ने। निवेदन पर्न आएमा निर्देशकले ५ हजार रुपैयाँ दस्तुर लिई कबुलियती वनको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्ने ।

**११. व्यवसायिक कबुलियती वनको कार्य शुरु गर्ने म्याद थप गर्ने:** व्यवसायिक कबुलियती वन लिने व्यक्ति वा संस्थाले विशेष कारणले स्वीकृत कार्ययोजना र कबुलियतनामाको अवधिभित्र कार्य शुरु गर्न नसकेको भनी म्याद थपको माग गरेमा र उक्त माग मुनासिब लागेमा निर्देशकले ६ महिनासम्म म्याद थप गर्न सक्ने ।

**१२. कार्ययोजनासहित प्रतिवेदन पेश गर्नुपर्ने:** मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापनका लागि विभिन्न भौगलिक क्षेत्रमा गरेका प्रयास र उपलब्धिका साथै विद्यमान समस्या र अवलम्बन गर्नु पर्ने उपाय पहिचान गरी कार्ययोजना सहित प्रत्येक वर्ष निर्देशनालयले विभाग तथा प्रदेश मन्त्रालय समक्ष र विभागले मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१३. आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने:** निर्देशकले राष्ट्रिय बनको सुरक्षाको सम्बन्धमा डिभिजन वन कार्यालयबाट भएको क्रियाकलापको नियमित अनुगमन गरी जावश्यक समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने ।

**१४. सामुदायिक बनको कार्ययोजना संशोधनको सहमति दिने:** कार्यीयोजना स्वीकृत भएको २ वर्ष अगावै विशेष कारणवश कार्ययोजना संशोधन गर्न आवश्यक परेको भनी डिभिजन बन कार्यालयको राय र सिफारिससहित पेश हुन आएमा संशोधनको लागि डिभिजन बन कार्यालयलाई सहमति दिने ।

**१५. काठ प्रयोग गर्ने सहमति दिने:** डिभिजन वन कार्यालयले वन विकास, व्यवस्थापन, डिभिजन/सव-डिभिजनको भवन निर्माण तथा मर्मत आदि कार्यमा डि.व.का. बाट उत्पादित वा मौज्दात काठ प्रयोग गर्न सहमति माग गरेमा लगत अभिलेख व्यवस्थित गरी सदुपयोग गर्न सहमति दिन सक्ने ।

**१६. समितिको सदस्य:** विक्री वितरण हुन नसकी लामो समयसम्म घाटगद्दीमा रहिरहेका र हैसियत/गुणस्तर हास भइरहेका पुराना काठ, दाउरा व्यवस्थापन समितिमा निर्देशक सदस्यलागि आव्हान गरिएको प्रस्ताव मुल्याँकन समितिको सदस्यमा निर्देशक रहने व्यवस्था रहेको।

**१७. सिफारिस र राय दिने:** निर्देशनालयले देहायका विषयहरुमा मन्त्रालयलाई सिफारिस गर्ने र राय उपलब्ध गराउने गर्दछः

- डिभिजन वन कार्यालयहरुबाट प्राप्त आवधिक योजनासहितको रणनीतिक योजना स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने ।
- सरकारद्वारा व्यवस्थित वन (चक्ला वन समेत) को कार्ययोजना स्वीकृतिको लागि मन्त्रालयमा रायसहित पेश गर्ने।
- बन्यजन्तु पालन सम्बन्धी पेश हुन आएको प्रस्तावमा अध्ययन गरी रायसाथ मन्त्रालयमा पठाउने ।
- बन्यजन्तु अस्पताल र उद्धार केन्द्र जैविक मार्ग र बर्ड स्यान्चुरी सम्बन्धी डिभिजन वन कार्यालयले तयार गरी पेश गरेका कार्ययोजनाहरु अध्ययन गरी स्वीकृतिको लागि सिफारिस साथ मन्त्रालयमा पेश गर्ने ।
- हावाहुरी, बाढी, पहिरो, हिमपात, आगजनी, किरा र रोगको सङ्क्रमण जस्ता विपद् जन्य घटनाका कारण क्षति हुन पुगेको वन पैदावर संकलन स्वीकृतको लागि डिभिजन वन कार्यालयबाट आवश्यक प्रमाण र प्रक्रिया पुरा गरी पेश हुन आएमा प्रदेश वन निर्देशकले मन्त्रालयमा सिफारिस गर्ने ।

**१८. अध्ययन अनुसन्धानको अनुमति दिन सक्ने:** कुनै व्यक्ति, संस्था वा निकायले वर्ड स्यान्चुरी तथा जैविक मार्गमा अध्ययन अनुसन्धान गर्नु परेमा निर्देशनालयले तोकिए बमोजिम अनुमति दिन सक्ने ।

**१९. वन्यजन्तु पालनको अनुमति दिन सक्ने:** मन्त्रालयमा पेश भएको प्रस्ताव स्वीकृत भएमा तोकिए बमोजिमको दस्तुर लिई निर्देशनालयले वन्यजन्तु पालनको लागि आवश्यक शर्त तोकी अनुमति दिन सक्ने ।

**२०. वन्यजन्तुमैत्री संरचनाको अनुगमन** निर्देशनालयले आफ्नो कार्यक्षेत्र भित्र निर्माण भएका वन्यजन्तुमैत्री संरचनाको सम्बन्धमा अनुगमन गरी सोको प्रतिवेदन प्रदेशको वन तथा वातावरण सम्बन्धि विषय हेर्ने मन्त्रालयमा पेश गर्ने।

**२१. एकाइ सदस्य:** प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइ सदस्यमा निर्देशक रहने व्यवस्था रहेको।

**२२. अनुगमन तथा निरीक्षण गर्ने र प्रतिवेदन पेश गर्ने:** मातहतका डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट सञ्चालित विकास निर्माण कार्यहरु, विभिन्न वन व्यवस्थापन पद्धतिका वन कार्ययोजना कार्यान्वयनको अवस्था, वन तथा वन्यजन्तु संरक्षण, रुख छपान/कटान/घाटगद्दी/ग्रेडिङ्ग/ विक्री वितरण, राष्ट्रिय वनक्षेत्र भोगाधिकारमा लिई सञ्चालनमा रहेका विकास आयोजनाहरु, वनक्षेत्रमा सञ्चालित खानीहरु, वन्यजन्तुमैत्री संरचना, वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण आदिको अनुगमन निरीक्षण गरी पृष्ठपोषण दिने, प्रतिवेदन तयार गरी मन्त्रालय र वन विभागमा पेश गर्ने जिम्मेवारी निर्देशनालयलाई तोकिएको ।

**२३. समृद्धिको लागि वन कार्यक्रम सञ्चालन:** समृद्धिको लागि वन परियोजनाको प्रादेशिक परियोजना व्यवस्थापन इकाई निर्देशनालयमा रहने र प्रादेशिक परियोजना संयोजक निर्देशक रहने व्यवस्था रहेको ।

**२४. तोकिएका अन्य कार्यहरु:** वन तथा वातावरण मन्त्रालय (संघ र प्रदेश), वन तथा भू-संरक्षण विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग आदि निकायहरुबाट प्राप्त निर्णय र आदेश कार्यान्वयन गर्ने गराउने कार्य समेत निर्देशनालयले गर्ने गर्दछ।

# भाग २
# लुम्बिनी प्रदेशमा वन क्षेत्र

## २.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची-४ बमोजिम लुम्बिनी प्रदेशमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वी भाग), रोल्पा, प्यूठान, दाङ, बाँके, वर्दिया गरी १२ जिल्लाहरु रहेका छन्। यस प्रदेशका १२ जिल्लामध्ये रूकुमपूर्व हिमाली जिल्ला र भित्री मधेशको जिल्लाको रूपमा दाङ जिल्ला रहेको छ भने पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान गरी पाँच जिल्ला पहाडमा र बाँकी अन्य ६ जिल्ला तराईमा रहेका छन्। यस प्रदेशमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कूल १०९ वटा स्थानीय तहहरु रहेका छन्। ती स्थानीय तहका ९८३ वडाहरू छन् । यस लुम्बिनी प्रदेश उत्तरमा पुथा हिमालदेखि दक्षिणमा मर्चवारसम्म, पूर्वमा पाल्पाको रामपुर देखि पश्चिममा बर्दियाको राजापुरसम्म जम्मा १९,१९,४१७ हेक्टर भू-भागमा फैलिएर रहेको छ । यस प्रदेशले नेपालको कूल क्षेत्रफलको १३.०१ प्रतिशत हिस्सा ओगटेको छ । वि.सं. २०७८ मा प्रकाशित जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशमा कूल ५१,२४,२२५ जनसंख्या रहेको छ जसमा पुरुष २४,५७,४८४ र महिला २६,६६,७४१ छन् । यहाँका १०,०६,४५० घरधुरीमा ११,५५.५२३ परिवार बसोबास गर्दै आएका छन् ।

लुम्बिनी प्रदेशमा कुल वन क्षेत्र ११,०१,५६४ हेक्टर रहेको छ, जुन प्रदेशको कुल भू भागको ५७.३९% हुन आउँछ । साथै, यो देशको कुल वन क्षेत्रको करिव १६.०५% हो (NLCMS, २०२४)। यस प्रदेशमा बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्षको केही भागको अलावा बाँके र बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र र चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र (केहि भाग नवलपरासी व.सु.प.मा पर्ने) गरी कुल २,७९,४५८ हे. क्षेत्र संरक्षित क्षेत्रले ओगटेको छ । जसमध्ये संरक्षित क्षेत्रमा १,८५,१०२ हे. वन क्षेत्र रहेको पाइन्छ । क्षेत्रफलको आधारमा यस प्रदेशमा सबैभन्दा बढी वन क्षेत्र दाङ जिल्लामा रहेको छ भने सबैभन्दा कम नवलपरासी जिल्लामा रहेको छ । यस प्रदेशका १८ वटा स्थानीय तहमा १००० हे. भन्दा कम वन क्षेत्र रहेको छ भने ९ वटा स्थानीय तहमा वन क्षेत्र शुन्य रहेको छ (DFRS, २०१८) ।

यो प्रदेश भौगोलिक हिसावले तराई, चुरे, मध्य पहाड, उच्च पहाड तथा हिमाली भागमा विभाजन भएको छ। यस प्रदेशको वन क्षेत्र तराईमा १,३४,७१० हेक्टर, चुरेमा सबैभन्दा धेरै ४,२४,२०० हेक्टर, मध्य पहाडमा ३२,३६० हेक्टर, उच्च पहाडमा ८५.६४० हेक्टर र सबैभन्दा कम वन क्षेत्र हिमाली भागमा ६,४७० हेक्टर रहेको छ (DFRS, २०१५)।

## २.२ वन क्षेत्र

### क. भौगोलिक क्षेत्र अनुसार वनको विवरण

लुम्बिनी प्रदेश भौगोलिक हिसावले तराई, चुरे, मध्य पहाड, उच्च पहाड तथा उच्च हिमालमा विभाजन भएको छ। यस प्रदेशको चुरेमा सबैभन्दा धेरै वन क्षेत्र (४२४,२०० हेक्टर) र सबैभन्दा कम वन क्षेत्र उच्च हिमालमा (६,४७० हेक्टर) रहेको छ ।

तालिका नं. ३ लुम्बिनी प्रदेशको भौगोलिक क्षेत्र अनुसार वन क्षेत्रको विवरण (हेक्टर हजारमा)

| क्र.सं. | जिल्ला | तराई | चुरे | मध्य पहाड | उच्च पहाड | उच्च हिमाल | कूल वन क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | नवलपरासी (व.सु.प.) | ०.७१ | १६.०१ | ५.२७ | ०.०० | ०.०० | २१.९९ |
| २ | रुपन्देही | ६.७९ | १८.७२ | ०.०० | ०.०० | ०.०० | २५.५१ |
| ३ | पाल्पा | ०.०० | १९.४८ | ६३.२९ | ०.०० | ०.०० | ८२.७७ |
| ४ | कपिलबस्तु | ३९.३५ | २१.६२ | ०.०० | ०.०० | ०.०० | ६०.९७ |
| ५ | गुल्मी | ०.०० | ०.०० | ४६.२९ | ०.०४ | ०.०० | ४६.३३ |
| ६ | अर्घाखांची | ०.०० | ४०.२० | ३३.७६ | ०.०० | ०.०० | ७३.९६ |
| ७ | प्यूठान | ०.०० | १.९९ | ५५.६० | ७.०७ | ०.०० | ६४.६६ |
| ८ | रोल्पा | ०.०० | ०.०० | ७६.३८ | २३.२२ | ०.०० | ९९.६० |
| ९ | रुकुम पूर्व | ०.०० | ०.०० | ४.४९ | ५५.३१ | ६.४७ | ६६.२७ |
| १० | दाङ | ०.०० | १६२.४४ | ३८.२८ | ०.०० | ०.०० | २००.७२ |
| ११ | बांके | ४०.४६ | ७७.४५ | ०.०० | ०.०० | ०.०० | ११७.९१ |
| १२ | बर्दिया | ४७.४० | ६६.२९ | ०.०० | ०.०० | ०.०० | ११३.६९ |
| जम्मा | | **१३४.७१** | **४२४.२०** | **३२३.३६** | **८५.६४** | **६.४७** | **९७४.३८१** |

*स्रोतः* ***DFRS,*** *२०१५*

### ख. जिल्लागत रुपमा वन क्षेत्रको विवरण

लुम्बिनी प्रदेशको कूल क्षेत्रफल मध्ये ९,७४,३८१ हेक्टर क्षेत्रफल सघन तथा अन्य काष्ठ तथा बुट्यान क्षेत्र अन्तरगत पर्दछ । बाँकी हेक्टर जमिन अन्य क्षेत्र जस्तै कृषि क्षेत्र, बसोबास क्षेत्र, खोला नालाले ओगटेको क्षेत्र तथा बाँझो जमिन आदि पर्दछ ।

तालिका नं. ४ लुम्बिनी प्रदेशको जिल्लागत रुपमा वन क्षेत्र तथा अन्य क्षेत्रको विवरण

| क्र.सं. | जिल्ला | सघन वन क्षेत्र | अन्य काष्ठ तथा बूट्यान क्षेत्र | कूल वन क्षेत्र हेक्टरमा |
|---|---|---|---|---|
| १ | नवलपरासी(ब.सु.प.) | २१९६० | ३७ | २१९९७ |
| २ | रुपन्देही | २५१०५ | ४०३ | २५५०८ |
| ३ | पाल्पा | ७७९७४ | ४७९९ | ८२७७३ |
| ४ | कपिलबस्तु | ५९०२५ | १९४४ | ६०९६९ |
| ५ | गुल्मी | ४५२१५ | ११२४ | ४६३३९ |
| ६ | अर्घाखांची | ७३१४२ | ८१८ | ७३९६० |
| ७ | प्यूठान | ६४२३५ | ४३१ | ६४६६६ |
| ८ | रोल्पा | ९४४४७ | ५१५१ | ९९५९८ |
| ९ | रुकुम पूर्व | ५५६५० | १०६०० | ६६२५० |
| १० | दाङ | १९२६८२ | ८०४३ | २००७२५ |
| ११ | बांके | ११६३६० | १५४९ | ११७९०९ |
| १२ | बर्दिया | १११५५० | २१३७ | ११३६८७ |
| जम्मा | | **९३७३४५** | **३७०३६** | **९७४३८१** |

स्रोतः ***DFRS***, २०१५

## २.३ व्यवस्थापनको आधारमा वनको आधारमा वनको विवरण

वन ऐन २०७६ अनुसार वनक्षेत्र भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको बनले घेरिएको वा वनभित्र रहेको घाँसेमैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, वगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र बुझिन्छ। यस प्रदेशमा वनलाइ व्यवस्थापनको आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ ।

### २.३.१ राष्ट्रिय वन

राष्ट्रिय वन भन्नाले निजी वन बाहेक नेपाल राज्यभित्रको सिमाना लगाएको वन नलगाएको सबै वन क्षेत्रलाई जनाँउछ । सो शब्दले वनले घेरिएको वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वन भित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ। राष्ट्रिय वनलाई निम्न प्रकारमा वर्गिकरण गरिएको छ।

## क. सरकारद्वारा व्यवस्थित वन

सरकारद्वारा व्यवस्थित बन भन्नाले वन विकास लगायत अन्य क्रियाकलाप गर्नको लागि स्वीकृत कार्ययोजना अनुसार सरकारले व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँछ । सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन सम्बन्धित डिभिजन वन कार्यालय गर्ने गर्दछ ।

यस प्रदेशमा हाल दुई वटा चक्ला वन सरकारद्वारा व्यवस्थित वनको रूपमा छुट्टै कार्ययोजना तयार गरी कार्यान्वयनमा रहेका छन् । दाङ जिल्लामा अवस्थित दाङ (दाङ) डिभिजन बन कार्यालय अन्तर्गत कालापानी खोला चक्ला वनको रूपमा ५४६ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिएको छ भने बाँके जिल्लामा शमशेरगंज माथेवास चक्ला वनको रूपमा २५७८ हेक्टर क्षेत्रफलको राष्ट्रिय वन सरकारद्वारा व्यवस्थित चक्ला वनको रूपमा व्यवस्थापन गरिएको छ ।

तालिका नं. ५ चक्ला वनको विवरण

| क्र.सं. | चक्ला वन | जिल्ला | योजना अवधि | स्वीकृत मिति | क्षेत्रफल (हे.) | रोटेशन वर्ष |
|---|---|---|---|---|---|---|
| १ | कालापानी खोला | दाङ | १० वर्ष | ०९/१०/२०७० | ५४६ | १०० |
| २ | शमशेरगंज माथेवास | बाँके | १० वर्ष | २७/१०/२०७३ | २५७८ | ८० |
| **कूल जम्मा** | | | | | **३१२४** | |

*(श्रोतः सम्बन्धित डिभिजन वन कार्यालय)*

## ख. वन संरक्षण क्षेत्र

राष्ट्रिय वनको कुनै भाग वा भूपरिधी क्षेत्र जुन, राष्ट्रिय वा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको वन क्षेत्र, वा जलाधार संरक्षणको हिसावले संवेदनशील वन क्षेत्र, वा संरक्षित क्षेत्र बाहिर रहेको वन, वनस्पति, वन्यजन्तु संरक्षणको लागि व्यवस्थापन गर्न आवश्यक रहेको, वा पर्यापर्यटन विकास गर्न उपयुक्त देखिएको वन क्षेत्र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्ने व्यवस्था रहेको छ । यस प्रदेशमा हालसम्म वर्दिया जिल्लाको खाता, गुल्मी जिल्लाको मदाने, रेसुङ्गा र थाप्ले सत्यवती सालिमेदह गरी ४ वटा वन संरक्षण क्षेत्र घोषणा भइसकेका छन् भने प्युठानको गौमुखी, रोल्पाको जलजला र कपिलवस्तुको शिवगढी सुरहिनाका गरी ३ वटा प्रस्तावित वन संरक्षण क्षेत्र (संरक्षित वन) का रूपमा रहेका छन् ।

तालिका नं. ६ वन संरक्षण क्षेत्रको विवरण

| क्र.सं. | संरक्षित वन | जिल्ला | संरक्षित वन घोषणा मिति | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | खाता | बर्दिया | १५/११/२०६८ | ४५०४.०० |
| २ | मदाने | गुल्मी | १६/११/२०६७ | १३७६१.०० |

| क्र.सं. | संरक्षित वन | जिल्ला | संरक्षित वन घोषणा मिति | क्षेत्रफल |
|---|---|---|---|---|
| ३ | रेसुङ्गा | गुल्मी | २८/११/२०७४ | १९२८१.०० |
| ४ | थाप्ले सत्यवती सालिमेदह | गुल्मी | २८/११/२०७४ | ३७४८३.०६ |
| **जम्मा** | | | | **७६६२७.४३** |

*(श्रोतः सम्बन्धित मितिको नेपाल राजपत्र)*

## ग. साझेदारी वन

सरकारद्वारा व्यवस्थित वनको कुनै भाग वनको विकास र दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पुर्याउन, वन क्षेत्रको नजिकै वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराइ त्यस्ता उपभोक्तालाई वन पैदावारको आपूर्ति व्यवस्था गर्न, वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न र उपभोक्ताको जिविकोपार्जनमा सुधार ल्याउने उद्देश्य राखी डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा गरिने वन व्यवस्थापन नै साझेदारी वन व्यवस्थापन हो । लुम्विनी प्रदेशमा कपिलवस्तुको तिलौराकोट, गौतमबुद्ध, कपिलवस्तु, मायादेवी र शिवराज गरी पाँच वटा, रुपन्देहीमा लुम्बिनी र देवदह गरी दुई वटा र नवलपरासीमा बुद्धशान्ति एक गरी कुल जम्मा आठ वटा साझेदारी वन रहेका छन् । लुम्बिनी प्रदेशमा साझेदारी वनले २१७४७.१२ हे. वन क्षेत्र ओगटेको छ भने १,४९,६२१ घरधुरीका ९,१८,८९२ जनसंख्या लाभान्वित भएका छन ।

तालिक न. ७ साझेदारी वनको विवरण

| क्र. सं. | विवरण | डिभिजन वन कार्यालय | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | नवलपरासी | रुपन्देही | कपिलवस्तु | गौतमबुद्ध | |
| १ | साझेदारी वनको संख्या | १ | २ | २ | ३ | ८ |
| २ | साझेदारी वनहरुको क्षेत्रफल (हे.) | १२०४.२ | २०९४.३ | ८३३१.८८ | १०११६.७ | २१७४७.१२ |
| ३ | साझेदारी वनहरुमा आबद्ध घरधुरी | १०५२५ | ६१११२ | ४१००० | ३६९८४ | १४९६२१ |
| ४ | साझेदारी वनहरुमा आबद्ध जनसंख्या | ५८२३६ | २९३४२७ | २७८५४७ | २५८०७४ | ९१८८९२ |

*(श्रोतः सम्बन्धित डिभिजन वन कार्यालय)*

## घ. सामुदायिक वन

सामुहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गरी वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले उपभोक्ता समुह गठन गरी वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गरी वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी विक्रि वितरण गर्न पाउने गरी राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा कार्ययोजना तयार गरी व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेको छ ।

यस प्रदेशमा २०८१ असार मसान्तसम्म ४०४९ वन उपभोक्ता समूहलाई ४,४२,२४९.६ हेक्टर राष्ट्रिय वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको छ । सामुदायिक वन उपभोक्ता समूहमा ९३७८२६ घरधुरी समावेश भएका छन् ।

तालिका नं. ८ सामुदायिक वनको विवरण

| सि. नं. | डि.व.का. | सामुदायिक वन | | |
|---|---|---|---|---|
| | | कूल जम्मा सामुदायिक वन (सा.व.) को विवरण | | |
| | | संख्या | क्षेत्रफल (हे.) | घरधुरी |
| १ | अर्घाखाँची | ४४६ | ३५०७३.२२ | ५००१६ |
| २ | बर्दिया | २८३ | २०५१२.७४ | ५२४२२ |
| ३ | कपिलवस्तु | ७३ | १२७९४.८७ | ३४१०२ |
| ४ | बाँके | ११९ | ३४००७ | २४८४२ |
| ५ | रोल्पा | ६०४ | ५६९५२.३२२ | ५५७६३ |
| ६ | देउखुरी | १५० | ५६६९७.२६ | ४०९२६ |
| ७ | दाङ | ३८९ | ६०५८६.६९ | ७९९३२ |
| ८ | गौतमबुद्ध | ५४ | ९९२०.५ | १२४४७ |
| ९ | प्यूठान | ४५१ | ५४३८९.२१ | ५९७३४ |
| १० | परासी | ६० | ९६७५.९ | ३१९६४१ |
| ११ | रूकुमपूर्व | १५३ | १५४५९.१८ | १६३०१ |
| १२ | पाल्पा | ७०१ | ४१४८२ | ६१७२७ |
| १३ | रूपन्देही | १०८ | १६२९१.९१ | ६९१९७ |
| १४ | गुल्मी | ४५८ | १८४०६.८ | ६०७७६ |
| जम्मा | | ४०४९ | ४४२२४९.६०२ | ९३७८२६ |

### ङ. कबुलियती वन

डिभिजन वन कार्यालयले राष्ट्रिय वनको कुनै भाग गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनीकरणको लागि कार्ययोजना बनाएर वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालन गर्न त्यस्ता जनताको समुहलाई कबुलियती वनको रूपमा सुम्पन सक्ने प्रावधान अनुरुप यस प्रदेशमा गरिवीको रेखामुनि रहेका ४१६ समूहका ४५५३ घरधुरीहरुलाई २४६९ हेक्टर वन क्षेत्र हस्तान्तरण भैसकेको छ।

तालिका ९ कबुलियती वनको विवरण

| सि.नं. | डि.व.का. | गरिवीको रेखामुनी रहेको कबुलियती वन | | |
|---|---|---|---|---|
| | | संख्या | क्षेत्रफल (हे.) | घरधुरी |
| १ | कपिलवस्तु | १ | २.९ | - |
| २ | रुकुम पूर्व | १५ | ५०.४९ | १८१ |
| ३ | रोल्पा | ५५ | १६७.१७ | ६३० |
| ४ | प्यूठान | १८४ | ८०६.७६ | १७३९ |
| ५ | गुल्मी | ८ | ४३.३ | ८४ |
| ६ | पाल्पा | १५३ | १३९८.२७ | १९१९ |
| **जम्मा** | | **४१६** | **२४६८.८९** | **४५५३** |

*(श्रोतः सम्बन्धित डिभिजन वन कार्यालय*

**च. धार्मिक वन**

डिभिजनल वन अधिकृतले परापूर्व काल देखीको धार्मिकस्थल र त्यसको वरिपरीको वनको संरक्षणको लागि प्रचलित कानुन बमोजिम स्थापित कुनै धार्मिक निकाय, समुह वा समुदायलाई उक्त क्षेत्र वरपरको राष्ट्रिय वन धार्मिक वनको रूपमा संरक्षणको लागि हस्तान्तरण गर्न सक्ने प्रावधान अनुरूप हालसम्म यस प्रदेशमा ९४०.४६ हेक्टर वन क्षेत्र ३० वटा धार्मिक निकाय/ समूह/समुदायलाई हस्तान्तरण गरिएको छ। डि.व.का. अनुसार धार्मिक वनको विवरण तालिका नं. १० मा दिइएको छ ।

तालिका नं. १० धार्मिक वनको विवरण

| सि.नं. | डि.व.का. | धार्मिक वन | |
|---|---|---|---|
| | | संख्या | क्षेत्रफल (हे.) |
| १ | पाल्पा | ४ | २६१.११ |
| २ | गुल्मी | २ | १६६.८७ |
| ३ | रुपन्देही | ४ | २७.९२ |
| ४ | कपिलवस्तु | ४ | २००.४५ |
| ५ | गौतमबुद्ध | १ | १०.६३ |
| ६ | दाङ | ५ | ११५.५२ |
| ७ | देउखुरी | १ | ३८.५ |
| ८ | रोल्पा | १ | ०.७५ |
| ९ | वर्दिया | ४ | २१.६३ |
| १० | बाँके | ४ | ९७.०८ |
| जम्मा | | ३० | ९४०.४६ |

*(श्रोतः सम्बन्धित डिभिजन वन कार्यालय)*

## २.३.२ निजी वन

कुनै व्यक्ति वा संस्थाले आफ्नो निजी स्वामित्वमा रहेको हक भोगको दर्ता नम्बरी जग्गामा रूख विरूवा हुर्काई सम्बन्धित डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयको सिफारिसमा निजी वन दर्ता गर्न स्थानीय तहमा निवेदन दिन सक्ने प्रावधान रहेको छ । साविकमा डिभिजन वन कार्यालयमा निजी वन दर्ता गर्ने प्रावधान रहेकोमा हाल वन ऐन २०७६ पश्चात् स्थानीय तहमा दर्ता गर्ने व्यवस्था रहेको छ । हाल सम्म यस प्रदेशमा १०१९ वटा निजी वनहरु दर्ता भएका छन् जसको क्षेत्रफल ७१७.३४ हेक्टर रहेको छ । डि.व.का. अनुसार दर्ता भएका निजी वनको विवरण तलिका नं. ११ मा दिइएको छ ।




तालिका नं. ११ निजी वनको विवरण

| सि.नं. | डि.व.का. | निजी वन | |
|---|---|---|---|
| | | संख्या | क्षेत्रफल (हे.) |
| १ | अर्घाखाँची | ३३ | २०.०३ |
| २ | पाल्पा | ४९ | २७.४५ |
| ३ | गुल्मी | १४ | ७.४९ |
| ४ | नवलपरासी | ८८ | २८.८२ |
| ५ | रुपन्देही | ८५ | ९५.३८ |
| ६ | कपिलवस्तु | ३४ | १३.६० |
| ७ | गौतमबुद्ध | ८५ | ३०.०५ |
| ८ | दाङ | २४१ | १२९.२९ |

| सि.नं. | डि.व.का. | निजी वन | |
|---|---|---|---|
| | | संख्या | क्षेत्रफल (हे.) |
| ९ | देउखुरी | ४६ | २८.४ |
| १० | प्युठान | ७ | ७.३९ |
| ११ | रोल्पा | ७ | १३.०३ |
| १२ | रुकुम पूर्व | १० | ४.२८ |
| १३ | वर्दिया | १४९ | १५७.३२ |
| १४ | बाँके | १८१ | १५४.३४ |
| **जम्मा** | | **१०१९** | **७१७.३४** |

*(श्रोत: सम्बन्धित डिभिजन वन कार्यालय)*

## २.४ राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रहरु

लुम्बिनी प्रदेश संरक्षित क्षेत्रहरुले पनि धनी प्रदेशमा पर्दछ। बाघ र हात्तीको लागी प्रसिद्ध बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज र मध्यवर्ति तथा संरक्षित वन्यजन्तु कृष्णसारको लागी छुटयाईएको कृष्णसार संरक्षित क्षेत्र तथा एक मात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्षको केही भाग पनि यसै प्रदेशमा पर्दछ। यसका साथै चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र पर्ने थोरै वन क्षेत्र समेत यस प्रदेशको नवलपरासी (ब.सु.प) जिल्लामा पर्दछ । यस प्रदेशमा रहेका संरक्षित क्षेत्रको विवरण तलिका नं. १२ मा दिइएको छ ।

तालिका नं. १२ राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रको विवरण

| सि. नं. | संरक्षित क्षेत्रको नाम | जिल्ला | क्षेत्रफल (वर्ग कि.मि.) | मध्यवर्ति क्षेत्र क्षेत्रफल(वर्ग कि.मि.) | विशेषता/उद्देश्य |
|---|---|---|---|---|---|
| १ | बर्दिया राष्ट्रिय निकुञ्ज | बर्दिया | ९६८ | ३२७ | पाटेबाघ, एक सिंगे गैंडा, जंगली हात्ती आदि लगायत ५६ प्रजातिका स्तनधारी वन्यजन्तु र ४३८ प्रजातिका रैथाने र बसाई सरी आउने चराहरुको बासस्थान |
| २ | बाँके राष्ट्रिय निकुञ्ज | बाँके | ५५० | ३४३ | पाटेबाघ बासस्थान तथा जैविकमार्ग संरक्षण |
| ३ | कृष्णसार संरक्षण क्षेत्र | बर्दिया | १६.९५ | ० | दुर्लभ वन्यजन्तु कृष्णसारको संरक्षण |
| ४ | ढोरपाटन शिकार आरक्ष | रुकुम, बाग्लुङ्ग र म्याग्दी | १३२५ | ० | ३२ प्रजातिका स्तनधारी र १६४ प्रजातिका चराहरु पाइने तथा व्यवस्थित शिकारको व्यवस्था । |

## २.५ जलाधार क्षेत्र

लुम्बिनी प्रदेशमा मध्य काली गण्डकी, तिनाउ सव बेसिन, दाना, वाणगंगा सव वेसिन, तल्लो कर्णाली, बबई, राप्ती सव वेसिन र सानी भेरी, मादी, झिबुक सव वेसिन गरी चार वटा सव वेसिन रहेका छन्। जस अन्तरगत पर्ने विभिन्न जलाधार तथा उपजलाधारहरु रहेका छन । यस प्रदेशमा रहेका जलाधार तथा उपजलाधार क्षेत्रको विवरण तलिका नं. १३ मा दिइएको छ ।

तालिका नं. १३ जलाधार तथा उपजलाधारहरुको विवरण

| सि. नं. | सव वेसिन | जलाधार/उप जलाधारको नाम | जिल्ला |
|---|---|---|---|
| १ | मध्यकाली गण्डकी, तिनाउ सव वेसिन | वडीगाड खोला, रिडी खोला, छल्दी खोला, तिनाउ खोला, अरुण खोला, निस्दी खोला, काली गण्डकी नदी | गुल्मी, पाल्पा, अर्घाखाँची |
| २ | दाना, वाणगंगा सव वेसिन | तुरिया नदी, भलुही नदी, तिनाउ नदी, रोहिणी नदी, कोठी नदी, दाना नदी, कन्चन नदी, वाणगंगा नदी, सुरही नदी | नवलपरासी, रुपन्दही, कपिलबस्तु |
| ३ | तल्लो कर्णाली, बबई, राप्ती सव वेसिन | राङसिङ खोला, राप्ती नदी, अर्जुन खोला, बबई खोला, बबइ नदी, झिझरी खोला, मन खोला, आरै खोला, गेरुवा नदी, कर्णाली नदी | दाङ, बाँके, बर्दिया, अर्घाखाँची |
| ४ | सानी भेरी, मादी, झिम्रुक सव वेसिन | लुङ्ग खोला, झिम्रुक खोला, मादी खोला, लुङग्री खोला, सानी भेरी नदी, लुकुम खोला | प्युठान, रोल्पा, रुकुम |

## २.६ सिमसार क्षेत्र

यस प्रदेशको विभिन्न क्षेत्रमा सिमसार क्षेत्रहरु रहेका छन्। रामसार सुचीमा सुचीकृत भएको जगदिशपुर ताल पनि यसै प्रदेशमा पर्दछ। यस क्षेत्रमा अवस्थित सिमसार क्षेत्रहरु पारिस्थितिकीय तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेका छन्। प्रदेश वन  ऐन २०७८ वमोजिम लुम्विनी प्रदेश सरकारले जगदिशपुर ताल क्षेत्रलाई जगदिशपुर बर्ड स्यान्चुरीको रुपमा २०७९/०३/३२ मा घोषणा गरेको छ । यस प्रदेशमा रहेका मुख्य  सिमसार क्षेत्रको विवरण तलिका नं. १४ मा दिइएको छ ।

तालिका नं. १४ केही महत्वपूर्ण सिमसार क्षेत्रहरुको विवरण

| सि.नं. | सिमसार क्षेत्रको नाम | जिल्ला |
|---|---|---|
| १ | जगदिशपुर ताल | कपिलबस्तु |
| २ | गैंडहवा ताल, गजेडी ताल | रुपन्देही |
| ३ | बाहकुने दह, ज्यामिरे दह, जखेरा ताल | दाङ |
| ४ | सत्यवती ताल, सुकेताल, प्रवास ताल | पाल्पा |
| ५ | बढैया ताल, तारा ताल | बर्दिया |

# भाग ३

# वन व्यवस्थापन, वन पैदावर उत्पादन, विरूवा उत्पादन तथा वन संरक्षण सम्बन्धी विवरण

## ३.१ वन व्यवस्थापन

लुम्बिनी प्रदेशको कुल भू भागको करिब ५८ प्रतिशत भू भाग वन क्षेत्रले ढाकेको छ । राष्ट्रिय निकुञ्ज, आरक्ष र मध्यवर्ति क्षेत्र बाहेक पनि ठूलो भू भाग उत्पादनशील वन क्षेत्रले ढाकेको हुँदा यो प्रदेश वन व्यवस्थापनको हिसाबले समेत महत्वपुर्ण रहि आएको छ । वन ऐन २०७६ एवं वन नियमावली २०७९ को नियम १५ ले राष्ट्रिय वनको व्यवस्थापन गर्दा वनको दिगो व्यवस्थापनको लागि स्थानीय समुदायको परम्परागत ज्ञान, प्रथाजनित अभ्यास, सामुदायिक सहभागिता सहितको निर्णय र सुशासनमा आधारित रही उपयुक्त वन संवर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) अपनाउनु पर्नेछ भनी व्यवस्था गरेको पाइन्छ ।

त्यसैगरी लुम्बिनी प्रदेशको वन ऐन २०७८ र प्रदेश वन नियमावली २०७९ मा व्यवस्था भए बमोजिम लुम्बिनी प्रदेश सरकारले वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी मापदण्ड २०७९ स्विकृत गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । यसै क्रममा आ.व. २०८०।८१ सम्ममा यस प्रदेशका विभिन्न डिभिजन वन कार्यालयहरू अन्तर्गत कुल २१७ वटा सामुदायिक वन, ७ वटा साझेदारी वन र २ वटा चक्ला वन गरी कुल २२६ वटा वन क्षेत्रको ७७,७२८ हे. वन क्षेत्रमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्य कार्यान्वयन गरेको पाइन्छ । डिभिजन अनुसार वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी विस्तृत विवरण तालिका १५ मा दिइएको छ ।

तालिका नं. १५ डि.व.का. अनुसार आ.व. २०८०/२०८१ सम्ममा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी विवरण

| सि. नं. | डिभिजन वन कार्यालय | सामुदायिक वन | | साझेदारी / चक्ला वन | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | वन सँख्या | क्षेत्रफल (हे.) | वन सँख्या | क्षेत्रफल (हे.) | वन सँख्या | क्षेत्रफल (हे.) |
| १ | कपिलवस्तु | ५३ | १०३००.६२ | २ | ८४८५.५७ | ५५ | १८७८६.२ |
| २ | देउखुरी | २७ | ११,३६०.७६ | | | २७ | ११३६०.८ |
| ३ | बाँके | २४ | ५८२५.१३ | १ | २५७८.० | २५ | ८४०३.१३ |
| ४ | रुपन्देही | २४ | ६२९२.३१ | २ | २०८५.२४ | २६ | ८३७७.५५ |
| ५ | गौतमबुद्ध | ७ | २८९८.२ | २ | ५०८१.९७ | ९ | ७९८०.१७ |
| ६ | दाङ | १९ | ६९४५.२ | १ | ५४५ | २० | ७४९०.२ |

| सि. नं. | डिभिजन वन कार्यालय | सामुदायिक वन | | साझेदारी / चक्ला वन | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | वन सँख्या | क्षेत्रफल (हे.) | वन सँख्या | क्षेत्रफल (हे.) | वन सँख्या | क्षेत्रफल (हे.) |
| ७ | नवलपरासी (व.सू.प.) | १६ | ५०२५.७२ | १ | १२०४ | १७ | ६२२९.७२ |
| ८ | पाल्पा | १७ | २६१९.९५ | | | १७ | २६१९.९५ |
| ९ | प्यूठान | ८ | २४९८ | | | ८ | २४९८ |
| १० | अर्घाखाँची | १४ | २३८६.६६ | | | १४ | २३८६.६६ |
| ११ | बर्दिया | ८ | १५९६.१३ | | | ८ | १५९६.१३ |
| जम्मा | | २१७ | ५७७४८.७ | ९ | १९९७९.७८ | २२६ | ७७७२८ |

यस बाहेक पनि अन्य सामुदायिक वन, साझेदारी वन, कबुलियति वन र धार्मिक वन क्षेत्रमा समेत वन संरक्षण र व्यवस्थापन कार्य हुँदै आएको छ ।

## ३.२ वन पैदावर उत्पादन

### क) राष्ट्रिय वनबाट काठ दाउरा उत्पादन

यो प्रदेशको राष्ट्रिय वन क्षेत्र काठ दाउरा उत्पादनको हिसाबले महत्वपूर्ण क्षेत्र रहेको छ । आ.व. २०८०।८१ मा विभिन्न डिभिजन वन कार्यालय अन्तर्गतका राष्ट्रिय वन क्षेत्र (सामुदायिक वन, साझेदारी वन, सरकारद्वारा व्यवस्थित वन र बेवारिसे दरियाबुर्दि समेत) बाट कुल २३,९१,४९५.६ घ.फि. काठ र ६४४५ चट्टा दाउरा उत्पादन भएको देखिन्छ । डिभिजन अन्तर्गत उत्पादित काठ दाउराको विवरण तालिका १६ मा देखाइएको छ ।

## तालिका नं. १६ आ.व. २०८०/०८१ को काठ (क्यू.फि.) र दाउरा (चट्टा) उत्पादन/संकलन विवरण

| सि.नं. | डि.व.का. | सामुदायिक वन | | साझेदारी वन | | सरकारद्वारा व्य. वन | | बेवारिसी तथा दरिया बुर्दी दाउरा | | कुल जम्मा | | काठ उत्पादन % | दाउरा उत्पादन % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | | |
| १ | कपिलवस्तु | ६७१३७५ | १८३२.९ | ३०४७८ | ७३ | ० | ० | ० | ० | ७०१८५३ | १९०५.९ | २९ | ३० |
| २ | नवलपरासी (व.सू.प.) | २२५२४२ | ५९२.७५ | ३३८६६ | १०८ | ६१९२१ | ० | ४१५ | २ | ३२१४४४ | ७०२.७५ | १३ | ११ |
| ३ | बाँके | २४६१०८ | ७९३.७५ | ० | ० | ७११११ | २७७.२५ | ० | ० | ३१७२१९ | १०७१ | १३ | १७ |
| ४ | देउखुरी | २२८७९४ | ७९३.२५ | ० | ० | ० | ० | ० | ० | २२८७९४ | ७९३.२५ | १० | १२ |
| ५ | गौतमबुद्ध | १२२९१० | २४१.२५ | ६१००८ | १९०.५ | १६०८ | ० | २९२३ | १ | १८८४४९ | ४३२.७५ | ८ | ७ |
| ६ | रूपन्देही | ९८३१० | १९२.६ | ५१३९१ | १२४ | ३६८४ | ६.६५ | ३१० | ० | १५३६९६ | ३२३.२५ | ६ | ५ |
| ७ | दाङ | १३९५७१ | ५२९.२५ | ० | ० | ६७३२ | १८.५ | ६०३२ | ० | १५२३३५ | ५४७.७५ | ६ | ८ |
| ८ | अर्घाखाँची | १३९४३१ | २४५ | ० | ० | ३२६४ | ११.७५ | ३१८ | ० | १४३०१२ | २५६.७५ | ६ | ४ |
| ९ | बर्दिया | ९३४२४ | २०० | ० | ० | ५९१२ | ३४ | ४५६९ | ३.२५ | १०३९०५ | २३७.२५ | ४ | ४ |
| १० | प्यूठान | ३८९६५ | ९१.३५ | ० | ० | ० | ० | ० | ० | ३८९६५ | ९१.३५ | २ | १ |
| ११ | पाल्पा | ३८७८५ | ७६ | ० | ० | ० | ० | ० | ० | ३८७८५ | ७६ | २ | १ |
| १२ | रोल्पा | ३०३८.६ | ७.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ३०३८.६ | ७.० | ० | ० |
| १३ | रूकुमपूर्व | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | गुल्मी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | २०४५९५३.६ | ५५९५.१ | १७६७४३.० | ४९५.५ | १५४२३२.० | ३४८.२ | १४५६७.० | ६.३ | २३९१४९५.६ | ६४४५.० | १०० | १०० |

(श्रोत: सम्बन्धित डिभिजन वन कार्यालय)

त्यसैगरी आ.व. २०७९।८० मा उत्पादन भै बिक्रि वितरण हुन बाँकी रहि जिम्मेवारी सरेको (अ.ल्या.) काठ ८३५८४३ घ.फि. र दाउरा १३८३.४ चट्टा रहेको देखिन्छ । यस सम्बन्धी डिभिजन अनुसारको विस्तृत विवरण तालिका १७ मा देखाइएको छ ।

तालिका नं. १७ आ.व. २०७९/०८० वा सो भन्दा अगाडी उत्पादन भै आ.व. २०८०/०८१ को सुरूमा मौज्दातमा रहेको काठ (क्यू.फि.) र दाउरा (चट्टा)विवरण (अल्या परिमाण)

| सि. नं. | डि.व.का. | सामुदायिक वन | | साझेदारी वन | | सरकारद्वारा व्य. वन | | बेवारिसी तथा दरिया बुर्दी दाउरा | | कुल जम्मा | | अल्या काठ % | अल्या दाउरा % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | | |
| १ | कपिलवस्तु | ३०४५१४ | ४९० | ७१०४९ | १११.५ | ० | ० | ० | ० | ३७५५६३ | ६०१.५ | ४४.९ | ४३.५ |
| २ | रूपन्देही | १०२८५९ | ० | ७२५०८ | १५५.६ | १५०७८ | ० | १०८० | ० | १९१५२५ | १५५.६ | २२.९ | ११.२ |
| ३ | अर्घाखाँची | ७५६७० | १८३ | ० | ० | १८५३६ | ० | ० | ० | ९४२०६ | १८३ | ११.३ | १३.२ |
| ४ | नवलपरासी (व.सू.प.) | ४०८०१ | १२२ | ७५४६ | ० | ० | ० | ८८२२ | ० | ५७१६९ | १२२ | ६.८ | ८.८ |
| ५ | दाङ | ४८१३५ | १३४ | ० | ० | ० | ० | ० | ० | ४८१३५ | १३४ | ५.८ | ९.७ |
| ६ | देउखुरी | २०८८१ | ४२.५ | ० | ० | ० | ० | ० | ० | २०८८१ | ४२.५ | २.५ | ३.१ |
| ७ | गौतमबुद्ध | ११३९४ | ३०.५ | २५३१ | ४९.७५ | ० | ० | १९०३ | ० | १५८२९ | ८०.२५ | १.९ | ५.८ |
| ८ | पाल्पा | ११४७१ | २१ | ० | ० | ३४७६ | १ | ९५ | ० | १५०४२ | २२ | १.८ | १.६ |
| ९ | बाँके | ० | ० | ० | ० | ११८८८ | ३५ | १०९६ | ०.२५ | १२९८४ | ३५.२५ | १.६ | २.५ |
| १० | रोल्पा | ३०३९ | ७ | ० | ० | ० | ० | ० | ० | ३०३९ | ७ | ०.४ | ०.५ |
| ११ | प्यूठान | १४७१ | ०.२५ | ० | ० | ० | ० | ० | ० | १४७१ | ०.२५ | ०.२ | ०.० |
| १२ | बर्दिया | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | ०.० |
| १३ | रूकुमपूर्व | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | ०.० |
| १४ | गुल्मी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | ०.० |
| कुल जम्मा | | ६२०२३४ | १०३०.३ | १५३६३४ | ३१६.८५ | ४८९७८ | ३६ | १२९९६ | ०.२५ | ८३५८४३ | १३८३.४ | १०० | १०० |

*(श्रोत: सम्बन्धित डिभिजन वन कार्यालय)*

राष्ट्रिय वनबाट आ.व. ०७९।८० मा उत्पादन भै बिक्रि वितरण हुन बाँकी रही घाटगद्दीमा अ.ल्या. मौज्दात रहेको काठ दाउरा तथा आ.व. ०८०।८१ मा उत्पादन भएको काठ दाउरामध्ये कुल १२,२१,२१८ घ.फि. काठ तथा २५४२.३ चट्टा दाउरा आ.व. २०८०।८१ मा बिक्रि वितरण भएको देखिन्छ । डिभिजन अनुसार राष्ट्रिय वनबाट उत्पादित काठ दाउरा बिक्री वितरण सम्बन्धी विस्तृत विवरण तालिका नं. १८ मा देखाइएको छ ।

तालिका नं. १८ आ.व. २०८०/०८१ मा भएको काठ (क्यू.फि.) र दाउरा (चट्टा) विक्री वितरण विवरण

| सि. नं. | डि.व.का. | सामुदायिक वन | | साझेदारी वन | | सरकारद्वारा व्य. वन | | बेवारिसी तथा दरिया बुर्दी | | कुल जम्मा | | काठ बि.वि.% | दाउरा बि.वि.% |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | | |
| १ | कपिलवस्तु | ३५९४०९ | ५८०.५ | ५७७४८ | १११.५ | ० | ० | ० | ० | ४१७१५७ | ६९२ | ३४.२ | २७.२ |
| २ | रूपन्देही | १०६१८८ | ९१ | ५६१६७ | १५.४ | ० | ० | ० | ० | १६२३५४ | १०६.४ | १३.३ | ४.२ |
| ३ | बाँके | १४८३३४ | ६८१.११ | ० | ० | ११४२५ | ० | ४३६ | ० | १६०१९५ | ६८१.११ | १३.१ | २६.८ |
| ४ | अर्घाखाँची | १२०१३६ | २२९ | ० | ० | १८५३६ | ० | ० | ० | १३८६७२ | २२९ | ११.४ | ९.० |
| ५ | दाङ | ११२८७६ | ३६८.४ | ० | ० | ० | ० | ० | ० | ११२८७६ | ३६८.४ | ९.२ | १४.५ |
| ६ | बर्दिया | ७७५३२ | १५८ | ० | ० | ० | ० | ४०५ | ० | ७७९३७ | १५८ | ६.४ | ६.२ |
| ७ | गौतमबुद्ध | ७५३२१ | १९२.५ | ० | ० | ० | ० | ० | ० | ७५३२१ | १९२.५ | ६.२ | ७.६ |
| ८ | नवलपरासी (व.सू.प.) | ३९१०३ | ६७ | ११६१ | ० | १४४ | ० | ० | ० | ४०४०८ | ६७ | ३.३ | २.६ |
| ९ | पाल्पा | १७२३२ | १६ | ० | ० | ३४७६ | ० | ० | ० | २०७०८ | १६ | १.७ | ०.६ |
| १० | प्यूठान | १२५५१ | २५.९ | ० | ० | ० | ० | ० | ० | १२५५१ | २५.९ | १.० | १.० |
| ११ | रोल्पा | ३०३९ | ६ | ० | ० | ० | ० | ० | ० | ३०३९ | ६ | ०.२ | ०.२ |
| १२ | देउखुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | ०.० |
| १३ | रूकुमपूर्व | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | ०.० |
| १४ | गुल्मी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | ०.० |
| कुल जम्मा | | १०७१७२१ | २४१५.४ | ११५०७५ | १२६.९ | ३३५८१ | ० | ८४१ | ० | १२२१२१८ | २५४२.३ | १०० | १०० |

*(श्रोतः सम्बन्धित डिभिजन वन कार्यालय)*

राष्ट्रिय वनबाट उत्पादन भै मौज्दात काठ दाउरा मध्ये आ.व. ०८०।८१ मा बिक्रि वितरण हुन बाँकी रहि आ.व. २०८१।८२ को शुरू मौज्दात (अ.ल्या.) कायम हुन आएको काठको कुल परिमाण २०,०३,०८२ घ.फि. र दाउरा ५,२७९ चट्टा रहेको देखिन्छ । जसमध्ये, करिब ८० प्रतिशत काठ सामुदायिक वनबाट उत्पादन भएको देखिन्छ, १० प्रतिशत काठ साझेदारी वनको रहेको छ भने बाँकी काठ सरकारद्वारा व्यवस्थित वन र वेवारिसी तथा दरिया बुर्दी रहेको देखिन्छ । डिभिजन अनुसार सामुदायिक वन, साझेदारी वन, सरकारद्वारा व्यवस्थित वन, बेवारिसी रूपमा संकलन भएको काठ दाउरा सम्बन्धी विवरण तालिका १९ मा देखाइएको छ ।

तालिका नं. १९ आ.व. २०८०/०८१ मा उत्पादन/संकलन भइ आ.व. २०८१/०८२ को सुरूमा मौज्दातमा रहेको काठ (घ.फि.) र दाउरा (चट्टा) विवरण (अल्या परिमाण)

| सि.नं. | डि.व.का. | सामुदायिक वन | | साझेदारी वन | | सरकारद्वारा व्य. वन | | बेवारिसी तथा दरिया बुर्दी | | कुल जम्मा | | काठ मौज्दात % | दाउरा मौज्दात % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | | |
| १ | कपिलवस्तु | ६१६४८० | १७४२.३५ | ४३७७९ | ७३ | ० | ० | ० | ० | ६६०२५९ | १८१५.४ | ३२.९ | ३४.३ |
| २ | नवलपरासी (व.सू.प.) | २२६९४० | ६४७.७५ | ४०२५१ | १०८ | ६१७७७ | ० | ९२३८ | २ | ३३८२०५ | ७५७.७५ | १६.९ | १४.३ |
| ३ | देउखुरी | २४९६७५ | ८३५.७५ | ० | ० | ० | ० | ० | ० | २४९६७५ | ८३५.७५ | १२.४ | १५.८ |
| ४ | रूपन्देही | ९४९८२ | १०१.६ | ६७७३२ | २६४.२ | १८७६२ | ६.६५ | १३९० | ० | १८२८६७ | ३७२.४५ | ९.१ | ७.० |
| ५ | बाँके | ९७७७४ | ११२.६४ | ० | ० | ७१५७४ | ३१२.२५ | ६६० | ०.२५ | १७०००७ | ४२५.१४ | ८.५ | ८.० |
| ६ | गौतमबुद्ध | ५८९८३ | ७९.२५ | ६३५३९ | २४०.२५ | १६०८ | ० | ४८२६ | १ | १२८९५७ | ३२०.५ | ६.४ | ६.१ |
| ७ | अर्घाखाँची | ९४९६५ | १९९ | ० | ० | ३२६४ | ११.७५ | ३१८ | ० | ९८५४६ | २१०.७५ | ४.९ | ४.० |
| ८ | दाङ | ७४८३० | २९४.८५ | ० | ० | ६७३२ | १८.५ | ६०३२ | ० | ८७५९४ | ३१३.३५ | ४.४ | ५.९ |
| ९ | पाल्पा | ३३०२३ | ८१ | ० | ० | ० | १ | ९५ | ० | ३३११८ | ८२ | १.७ | १.६ |
| १० | प्यूठान | २७८८५ | ६५.७ | ० | ० | ० | ० | ० | ० | २७८८५ | ६५.७ | १.४ | १.२ |
| ११ | बर्दिया | १५८९२ | ४२ | ० | ० | ५९१२ | ३४ | ४१६५ | ३.२५ | २५९६९ | ७९.२५ | १.३ | १.५ |
| १२ | रोल्पा | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ०.० | ०.० |
| १३ | रूकुमपूर्व | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | ०.० |
| १४ | गुल्मी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | ०.० |
| | **कुल जम्मा** | **१५९१४२९** | **४२०२.९** | **२१५३०२** | **६८५.४५** | **१६९६२९** | **३८४.१५** | **२६७२३** | **६.५** | **२००३०८२** | **५२७९** | **१००** | **१००** |

### ख) निजी आवादीबाट काठ दाउरा उत्पादन

आ.व. ०८०।८१ मा यस प्रदेशका विभिन्न डिभिजन वन कार्यालय अन्तर्गत रहेका व्यक्तिको आफ्नो स्वामित्व भएको निजी नम्बरी जग्गामा हुर्केका विभिन्न प्रजातिका रूखहरूबाट काठ १६,४४,४९९ घ.फि. काठ र दाउरा ४२०१.३ चट्टा उत्पादन तथा बिक्री वितरण भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण तालिका २० मा दिइएको छ ।

तालिका नं. २० आ.व. २०८०/०८१ मा निजी आवादीको काठ दाउरा उत्पादन तथा विक्री

| सि. नं. | डि.व.का. | निजी आवादीको | |
|---|---|---|---|
| | | काठ | दाउरा |
| १ | अर्घाखाँची | ४३२०८१ | ४५४.५ |
| २ | गुल्मी | ३४४०३२ | ३३८.७८ |
| ३ | बर्दिया | १५१४९८ | ८६७.५ |
| ४ | गौतमबुद्ध | १२५२४४ | २०३.७ |
| ५ | रूपन्देही | १०७८२५ | २४६.७६ |
| ६ | प्यूठान | ९५५६९ | २०३.३ |
| ७ | परासी | ९०४४३ | २४८.३२ |
| ८ | बाँके | ७०३१३ | ९०३.०९ |
| ९ | कपिलवस्तु | ६२२२३ | ९२.५५ |
| १० | दाङ | ५००७९ | ४३७.७८ |
| ११ | पाल्पा | ४६२७३ | ४४.६ |
| १२ | देउखुरी | ३१५२९ | ११०.१ |
| १३ | रोल्पा | ३०२५८ | ५०.२८ |
| १४ | रूकुमपूर्व | ७१३१ | ० |
| कुल जम्मा | | १६४४४९९ | ४२०१.३ |

*(श्रोतः सम्बन्धित डिभिजन वन कार्यालय)*




*प्रदेश भित्रको निजी आवादीबाट काठ दाउरा उत्पादन प्रतिसत*

### ग) जडिबुटि तथा अन्य गैह्रकाष्ठ वन पैदावर उत्पादन सम्बन्धी विवरण

विभिन्न डिभिजन वन कार्यालय अन्तर्गतका राष्ट्रिय वन तथा नीजि आवादी जग्गामा आ.व. ०८०।८१ मा विभिन्न प्रजातिका जडिबुटि तथा अन्य गैह्रकाष्ठ वन पैदावर उत्पादन तथा बिक्री वितरण भएको देखिन्छ । डिभिजन अनुसार उत्पादन भै आ.व. ०८०।८१ मा निकासी भएको जडिबुटी तथा अन्य गैह्रकाष्ठ वन पैदावरको विवरण तालिका २१ मा दिइएको छ ।

तालिका नं. २१ डि.व.का. अनुसार आ.व. २०८०/०८१ मा उत्पादन भएको गैह्रकाष्ठ तथा अन्य वन पैदावार सम्बन्धी विवरण (के.जी.)

| सि.नं. | डि.व.का. | निकासी भएको परिमाण (के.जी.) | मुख्य जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावर |
|---|---|---|---|
| १ | अर्घाखाँची | ९५८९० | तेजपात, दालचिनी |
| २ | बर्दिया | ४८७६ | बेत |
| ३ | बाँके | ४६०१ | सिकाकारइ, तेन्दुपात, बर्रो |
| ४ | रोल्पा | ९८४०५ | टिमुर, पाषणवेद, रातो च्याउ, सुगन्धवाल, पदमचाल, सुगन्धकोकिला, कालिकाठको, रिट्ठा, दालचिनी तितेपाती, जटामसी, मजिठो, विषफेज, तेजपात, चिराइतो, अमला, पानीअमला, झ्याउ, चुल्ठेअमिलो |
| ५ | देउखुरी | १३२७१ | तेजपात, दालचिनी, वनकस |
| ६ | दाङ | ५४०९०० | टिमुर, दालचिनी, मालागेडी |
| ७ | प्यूठान | १६१३७१ | |
| ८ | रूकुमपूर्व | ९७९८१ | यार्सागुम्बा (१५ केजी), भिरमौरीमह, रातो च्याउ, कुटकी, पाखनबेद, पदमचाल गानो, अल्लो बोक्रा, तेलाली काठ, कालीकाठको दाना, साधारणच्याउ, कालादाना, काउलो, गुर्जो, काकरसिगे, रिठा, टिमुर, समायो, चिराईतो, सेतकचिनी, अमला, जटामसी, पदमचाल चुल्ठे, सिस्नोजरा, तेजपात, तितेपाती, दालचिनी, बोझो, सातगाठे, चुत्रोकोडाठ, कालोमुस्ली, वनप्याज, शिलाजित, अतिस, कुरीलो, झ्याउ, भुतकेश, वनलसुन |
| ९ | पाल्पा | ७८१७३३ | तेजपात, दालचिनी |
| १० | गुल्मी | २७१६ | तेजपात, दालचिनी |
| **जम्मा** | | **१८०१७४४** | |

*(श्रोतः सम्बन्धित डिभिजन वन कार्यालय)*

त्यसैगरी यस प्रदेशको विभिन्न जिल्लाको वन क्षेत्रमा रहेको खोटे सल्लाका वनहरूबाट आ.व. ०८०।८१ मा विभिन्न ६ वटा डिभिजन वन कार्यालय अन्तर्गत ३१६ वटा सामुदायिक वनहरूबाट ३८,२७,७८५ के.जी. खोटो संकलन भै निकासी भएको देखिन्छ । यसबाट कुल रू. ५,१२,३०,२५३ बराबरको कारोबार भएको देखिन्छ । जसमध्ये कुल रू. ३,४५,८४,०२१ उपभोक्ता समुहको कोषमा र रू. १,०१,५९,३९७ प्रदेश सञ्चित कोषमा जम्मा भएको देखिन्छ । आ.व. ०८०।८१ मा डिभिजन अनुसार संकलन भएको खोटोको परिमाण, जम्मा आम्दानी तथा राजश्वको विवरण तालिका २२ मा दिइएको छ ।

तालिका नं. २२ आ.व. २०८०/०८१ मा खोटो (के.जी.) संकलन तथा यसबाट प्राप्त राजस्व सम्बन्धी विवरण

| डि.व.का. | अर्घाखाँची | रोल्पा | दाङ | प्यूठान | पाल्पा | गुल्मी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| खोटो संकलन सा.व. सँख्या | १७ | १५५ | १० | ९१ | ३६ | ७ | ३१६ |
| संकलित खोटो (के.ग्रा.) | १६३८६६ | २१४९६७४ | २७२०१३ | १०३७७५१ | १५४१९१ | ५०२९० | ३८२७७८५ |
| उपभोक्ता समुहको कोषमा जम्मा भएको रकम रू. | १६५७७२७ | १९३४७३६५ | २७९०९५४ | ८८५१०७७ | १४८४२९२ | ४५२६०६ | ३,४५,८४,०२१ |
| प्रदेश सञ्चित कोषमा जम्मा भएको रकम रू. | ३०८७१८ | ६४४९०६० | ४७२३३९ | २४१२४११ | ३६६००० | १५०८६९ | १,०१,५९,३९७ |
| मु.अ.क. रू. | २५५६५६ | ३३५३५१६ | ४२४२३५ | १४६३७६६ | २४०५३७ | ७८४५२ | ५८,१६,१६२ |
| अग्रिम आयकर रु. | २९५३० | ३८६९५८ | ४९३५९ | १६८४९२ | २७७५५ | ८५८१ | ६,७०,६७५ |
| कुल जम्मा आम्दानी रू. | २२५१६३१ | २९५३६८९९ | ३७३६८८७ | १२८९५७४६ | २११८५८४ | ६९०५०६ | ५,१२,३०,२५३ |

*(श्रोत: सम्बन्धित डिभिजन वन कार्यालय)*




*(डि.व.का. अनुसार जडिबुटी तथा गैर काष्ठ वन पैदावार निकासी परिमाण)*

लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा प्रदेश सरकारको स्विकृत वार्षिक कार्यक्रम अनुसार वन क्षेत्र भित्रका खोला खोल्सी व्यवस्थापन कार्य प्रदेश सरकारबाट स्विकृत वन क्षेत्र भित्रका खोला खोल्सी व्यवस्थापन कार्यविधि २०८० बमोजिम यस प्रदेशका अर्घाखाँची, कपिलवस्तु, रूपन्देही र नवलपरासी (व.सु.प.) का डिभिजन वन

कार्यालयहरूको कार्य क्षेत्रमा आ.व. ०८०।८१ मा खोला खोल्सी व्यवस्थापन गर्दा कुल १८,०८,९०३ घ.फि. नदीजन्य पदार्थ उत्पादन भएको देखिन्छ । यसबाट उपभोक्ता समुहको कोषमा जम्मा भएको रू. ८,५२,३०७ र प्रदेश सञ्चित कोषमा रू. १,०२,९६,२६० जम्मा भएको देखिन्छ । समग्रमा खोलाखोल्सी व्यवस्थापनको कार्यबाट कुल १,३२,५६,०६४ रूपैयाको कारोबार भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण तालिका २३ मा देखाइएको छ ।

तालिका नं. २३ आ.व. २०८०/०८१ मा वनक्षेत्र भित्रका खोला खोल्सी व्यवस्थापनबाट संकलन भएको नदीजन्य पदार्थको विक्री वितरणको आम्दानी

| डि.व.का. | अर्घाखाँची | कपिलवस्तु | रूपन्देही | परासी | जम्मा |
|---|---|---|---|---|---|
| संकलित ढुङ्गा बालुवा (अल्यासमेत)(घनफिट) | ५२०२९५ | ८५५१०० | २७९३६१ | १५४१४७ | १८,०८,९०३ |
| बिक्री भएको ढुङ्गा बालुवा (घनफिट) | ३२८३५१ | ५३४७०० | ५८२२४ | | ९,२१,२७५ |
| उपभोक्ता समुहको कोषमा जम्मा भएको रकम रू. | ३१०९३० | ३२५३७७ | २१६००० | | ८५२३०७ |
| प्रदेश सञ्चित कोषमा जम्मा भएको रकम रू. | २७९८३७४ | २९२८३९३ | ४५६९४९३ | | १,०२,९६,२६० |
| मु.अ.क. रू. | ५८०३४८ | ६८६९८२ | ६२२१५२ | | १८,८९,४८२ |
| अग्रिम आयकर रु. | ६६९६३ | ७९२६८ | ७१७८४ | | २,१८,०१५ |
| **कुल जम्मा आम्दानी रू.** | **३७५६६१५** | **४०२००२०** | **५४७९४२९** | | **१,३२,५६,०६४** |

## घ) वन पैदावर बिक्रि वितरणबाट प्राप्त आम्दानी तथा राजश्व सम्बन्धी विवरण

आ.व. २०८०।८१ मा यस प्रदेश अन्तर्गतका विभिन्न डिभिजन वन कार्यालयहरूको कार्यक्षेत्रबाट उत्पादन भएको वन पैदावर बिक्रि वितरणबाट संघिय सञ्चित कोषमा कुल रू. ७,३७,६०,९४५ र प्रदेश सञ्चित कोषमा जम्मा रू १६,७४,०२,५१६ राजश्व प्राप्त भएको देखिन्छ । यस बाहेक उपभोक्ता समुहको कोषमा रू. ७९,७४,९४,६५१ आम्दानी भएको देखिन्छ भने मुल्य अभिवृद्धि कर वापत रू. २०,४८,४७,७१८ संघिय सञ्चित कोषमा जम्मा भएको देखिन्छ । यस सम्बन्धि विस्तृत विवरण तालिका २४ मा देखाइएको छ ।

### तालिका नं. २४ डि.व.का. अनुसार आ.व. २०८०/०८१ को वन पैदावार विक्री वितरणबाट प्राप्त आम्दानी तथा राजश्व सम्बन्धी विवरण

| सि. नं. | डि.व.का. | सङ्घीय सञ्चित कोषमा जम्मा भएको रकम रू. | प्रदेश सञ्चित कोषमा जम्मा भएको रकम रू. | उपभोक्ता समूहको कोषमा जम्मा भएको रकम रू. | मु.अ.क. रू. | अग्रिम आयकर रु. |
|---|---|---|---|---|---|---|
| १ | कपिलवस्तु | ७३७६०९४५ | १६७४०२५१६ | ३६७९०७००१ | ५५५५९६७७ | ६३१५०१० |
| २ | बाँके | | | ७७३४७३५१ | २०१००८३९ | ० |
| ३ | रूपन्देही | | | ७४९८८३०० | २५१२८१३८ | २८५४३६६ |
| ४ | अर्घाखाँची | | | ६४०९३५८१ | २९६५८७४८ | ३१३६२४६ |
| ५ | बर्दिया | | | ५०१४९९०९ | ८८०७५१३ | २७५०९२ |
| ६ | दाङ | | | ४२१६५९४२ | ११३४०४८५ | १२१४३८९ |
| ७ | गौतमबुद्ध | | | ३३९१०५९६ | ७९२४८२१ | ४२३४०३ |
| ८ | परासी | | | २१९८२९१९ | ७२७३४०४ | ४२८८०२ |
| ९ | रोल्पा | | | २०३८३८७५ | ४४८०१८४ | ५२००३५ |
| १० | देउखुरी | | | १९४०९०३५ | ६०५६२८३ | ६३५२६१.२ |
| ११ | प्यूठान | | | १४२३९९९९ | ७४५६७१४ | ९१२५५६ |
| १२ | पाल्पा | | | १०४६३५३७ | ४१३६५०६ | १७५६९० |
| १३ | गुल्मी | | | ४५२६०६ | १६४९६५७२ | १९००९६०.६ |
| १४ | रूकुमपूर्व | | | ० | ४२७८३४ | ८९७३.७ |
| **कुल जम्मा** | | **७,३७,६०,९४५** | **१६,७४,०२,५१६** | **७९,७४,९४,६५१** | **२०,४८,४७,७१८** | **१,८८,००,७८५** |

*(श्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित डिभिजन वन कार्यालय)*

## ३.३ नर्सरी, विरूवा उत्पादन तथा वृक्षरोपण सम्बन्धि विवरण

### क) नर्सरी तथा विरूवा उत्पादन सम्बन्धी विवरण

डिभिजन वन कार्यालय अन्तर्गत रहेका विभिन्न अस्थायी तथा स्थायी नर्सरीहरूमा विभिन्न प्रजातिका विरूवाहरू उत्पादन गरिएका थिए । आ.व. ०८०।८१ मा करिब ६० प्रतिशत एक वर्षे विरूवा उत्पादन भएको देखियो भने करिव ४० प्रतिशत बहुवर्षे विरूवा उत्पादन भएको देखिन्छ । डि.व.का. अनुसार एक वर्षे तथा वहुवर्षे विरूवा उत्पादन तथा अघिल्लो आर्थिक वर्षमा उत्पादन शुरू भै आ.व. २०८०।८१ मा जिम्मेवारी सरी आएका विरुवाको विवरण तथा आ.व. ०८०।८१ मा वितरण भएको विरूवाहरूको विवरण तालिका २५ मा दिइएको छ ।

## तालिका नं. २५  डि.व.का. अनुसार आ.व. २०८०/०८१ मा बिरूवा उत्पादन विवरण

| सि. नं. | कार्यालय | चालु आ.व.को उत्पादन | | अल्या भई आएको | | जम्मा वितरण | बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | एक बर्षे | बहुवर्षे | एक बर्षे | बहुवर्षे | | |
| १ | बाँके | ३९४४९७ | १३२४५७ | | ८०००० | २९२८९१ | ३१४०६३ |
| २ | परासी | २३६०६७ | ७०५९९ | ३३८९३ | ७११७९ | १३१९८२ | २७९७५६ |
| ३ | गुल्मी | १३२३१३ | १४४०४२ | | | ४७०४३ | २२९३१२ |
| ४ | पाल्पा | २०२७३३ | १३९१४७ | २४४३० | ९९१७७ | २४३८२५ | २२१६६२ |
| ५ | प्यूठान | ५०१४६ | १९८८५२ | ८९८६२ | ६८१३३ | १९६६९१ | २१०३०२ |
| ६ | रोल्पा | १७२३२१ | ९०४१९ | १४९२५० | | २२५२८४ | १८६७०६ |
| ७ | कपिलवस्तु | १४५४०० | ११६७५० | | ६३७०० | १४२७०५ | १८३१४५ |
| ८ | दाङ | १९६३४३ | ६५५९८ | | ४१६७२ | १२१२८४ | १८२३२९ |
| ९ | रुकुम पूर्व | ४०००० | ७०००० | ९०००० | ६४००० | ९३२०० | १७०८०० |
| १० | अर्घाखाँची | ५५९५२ | ७२६२५ | ४१५२९ | ७३३२२ | ७८६०४ | १६४८२४ |
| ११ | गौतमबुद्ध | १४७३६० | ६०३९० | २७९४० | ५७५५० | १३३४४० | १५९८०० |
| १२ | रुपन्देही | ११२३३३ | ८८९८३ | | ५५४३० | १४१४४३ | ११५३०३ |
| १३ | देउखुरी | १७९३८० | | | ७१९१८ | १४७८५५ | १०३४४३ |
| १४ | बर्दिया | ८८९४६ | ७७७७७ | | ७०९९५ | १५८८९१ | ७८८२७ |
| जम्मा | | २१५३७९१ | १३२७६३९ | ४५६९०४ | ८१७०७६ | २१५५१३८ | २६००२७२ |

| भू तथा ज.व्य.का. | पाल्पा | रोल्पा | अर्घाखाँची | दाङ | जम्मा |
|---|---|---|---|---|---|
| विरूवा उत्पादन/खरिद | ५३१० | ११०० | २०५० | १४५०० | २२९६० |

*(श्रोतः सम्बन्धित डिभिजन वन तथा भू तथा जलाधार व्यवस्थापन कार्यालय)*

प्रजातिगत विवरण हेर्दा आ.व. २०८०।८१ मा कुल उत्पादित विरूवा मध्ये सबैभन्दा बढी करिब २१ प्रतिशत टिक प्रजाति, खयर ९.४३ प्रतिशत, मसला ९.०७ प्रतिशत, तेजपात ७.५ प्रतिशत उत्पादन भएको देखिन्छ । प्रजातिगत रूपमा उत्पादन भएको विरूवा सम्बन्धी विवरण चित्र नं. ४ देखाइएको छ ।




*चित्र नं. ४ आ.व. २०८०।८१ मा डिभिजन वन कार्यालयहरूबाट उत्पादन भएका विरूवाहरूको प्रजातिगत विवरण*

### ख) वृक्षरोपण, पुनः रोपण तथा गोडमेल सम्बन्धी विवरण

डिभिजन वन कार्यालयहरूबाट आ.व. २०८०।८१ मा विभिन्न क्षेत्रमा गरी कुल ४३३.३३ हे. क्षेत्रफलमा वृक्षरोपण गरिएको, ५३ हे. क्षेत्रफलमा पुनः रोपण तथा ३३२.५ हे. क्षेत्रफलमा गोडमेल गरेको देखिन्छ । त्यस्तै विभिन्न जिल्लाहरूमा जडिबुटि विकास कार्यक्रम अन्तर्गत रही गैहकाष्ठ वन पैदावरको व्यवसायीक खेति १०५.८७ हे. क्षेत्रफलमा गरेको देखिन्छ । त्यसैगरि भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूबाट कुल जम्मा १४.७५ हे. क्षेत्रफलमा वृक्षरोपण भएको देखिन्छ । डिभिजन अनुसारको वृक्षरोपण, पुनःरोपण तथा गोडमेल सम्बन्धी विवरण तालिका २६ मा दिइएको छ ।

तालिका नं. २६ डि.व.का. अनुसार बृक्षारोपण, पुनरोपण तथा गोडमेल विवरण

| सि.नं. | डि.व.का. | बृक्षरोपण (हे.) | पुनःरोपण क्षेत्रफल (हे.) | गोडमेल क्षेत्रफल (हे.) | गैह्रकाष्ठ वन पैदावरको व्यवसायिक खेती | |
|---|---|---|---|---|---|---|
| | | | | | क्षेत्रफल (हे.) | प्रजाति |
| १ | कपिलवस्तु | ८०.६३ | ० | ४८ | ० | |
| २ | बाँके | ६१.५३ | ० | ७० | ० | |
| ३ | गौतमबुद्ध | ४५.१७ | ० | ४८.५ | ० | |
| ४ | बर्दिया | ४४.९२ | ६ | ३२ | ० | |

| सि.नं. | डि.व.का. | बृक्षरोपण (हे.) | पुनःरोपण क्षेत्रफल (हे.) | गोडमेल क्षेत्रफल (हे.) | गैह्रकाष्ठ वन पैदावरको व्यवसायिक खेती | |
|---|---|---|---|---|---|---|
| | | | | | क्षेत्रफल (हे.) | प्रजाति |
| ५ | दाङ | ३९.८ | २ | २० | २८ | |
| ६ | देउखुरी | ३५ | २८ | ० | ० | |
| ७ | रूपन्देही | ३३.६५ | ५ | १५ | ० | |
| ८ | अर्घाखाँची | २८.५ | ६.५ | ६.५ | १८.५ | टिमुर, तेजपात |
| ९ | गुल्मी | २७.१६ | ० | ० | १४.५९ | तेजपात, अगरउड, बोधिचित्त, श्रीखण्ड |
| १० | परासी | २१.२२ | ० | ० | ० | |
| ११ | रूकुमपूर्व | ८ | ० | १५ | ०.९१ | |
| १२ | पाल्पा | ५ | ० | ७२.५ | १८.७५ | |
| १३ | प्यूठान | २.७५ | १ | ५ | २५.१२ | टिमुर, अम्रिसो |
| १४ | रोल्पा | ० | ४.५ | ० | ० | |
| कुल जम्मा | | ४३३.३३ | ५३ | ३३२.५ | १०५.८७ | |

| भू तथा ज.व्य.का. | अर्घाखाँची | पाल्पा | रोल्पा | जम्मा |
|---|---|---|---|---|
| बृक्षरोपण (हे.) | ४ | ५ | ५.७५ | १४.७५ |

## ३.४ वन संरक्षण सम्बन्धी विवरण

### क) वन डढेलो सम्बन्धी विवरण

लुम्बिनी प्रदेशमा विगतका तुलनामा गर्मि समयमा वन डढेलोका घटना बढ्दै गएको देखिन्छ । आ.व. २०८०।८१ मा यस प्रदेशका विभिन्न जिल्लाहरूको १८८२ स्थानमा वन डढेलोको घटना घटी कुल ७५,८८१ हे. क्षेत्रफल प्रभावित भएको देखिन्छ । यसबाट अर्घाखाँची जिल्लामा एक जना ४ वर्षे वालिका ज्यान गएको छ भने विभिन्न जिल्लाहरूमा गरी कुल ३१ जना व्यक्तिहरू घाइते भएको देखिन्छ । यस क्रममा पाल्पामा १० भैसी र ३७ बाख्राको मृत्यु तथा गुल्मीमा ४८ बाख्रा, १५ गाई भैसी र १० कुखुरा मृत्यु भएको थियो भने सबै जिल्लामा गरी कुल १४२ वटा पशुधन घाइते तथा क्षति पुगेको देखिन्छ । त्यसैगरी २१६ वटा घर गोठमा क्षति पुगेको तथा दाङ र अर्घाखाँची जिल्लामा गरी कुलन ६५० घ.फि काठ तथा ३ चट्टा दाउरा क्षति भएको देखिन्छ भने रूपन्देही वन डढेलो नियन्त्रणका लागि गएको १ वटा दमकलमा क्षति भएको विवरण रहेको छ । यस सम्बन्धी विस्तृत विवरण तालिका २७ मा देखाइएको छ ।

तालिका नं. २७ डि.व.का. अनुसार आ.व. २०८०/०८१ को वन डढेलो सम्बन्धी विवरण

| सि. नं. | डि.व.का. | वन डढेलो लागेको घट्ना सँख्या | वन डढेलोको असर/क्षति | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रभावित वन क्षेत्र (हेक्टर) | मानवीय क्षति/ घाइते समेत (सँख्या) | पशुधन तथा वन्यजन्तु क्षति/घाइते समेत (सँख्या) | क्षतिग्रस्त घरगोठ (सँख्या) | क्षति भएको काठ (घनफिट) | क्षति भएको दाउरा (चट्टा) | |
| १ | अर्घाखाँची | ११२२ | २७३५४ | १ | २२ | ४१ | ३५० | १ | ४ बर्षे बालिकाको मृत्यु |
| २ | बर्दिया | ६८ | १७०३ | ० | ० | ० | ० | ० | |
| ३ | कपिलवस्तु | १३ | २२२९.८ | ० | ० | ० | ० | ० | |
| ४ | बाँके | ७६ | ५१३३ | ० | ० | ० | ० | ० | |
| ५ | रोल्पा | २८ | २४८२ | ० | ० | २३ | ० | ० | |
| ६ | देउखुरी | १०२ | ४७६२ | ० | ० | ० | ० | ० | |
| ७ | दाङ | १०१ | ५००० | ० | ० | ० | ३०० | ० | |
| ८ | गौतमबुद्ध | ३४ | ४३५० | ० | ० | ० | ० | २ | |
| ९ | प्यूठान | ४५ | १२००० | ० | ० | ० | ० | ० | |
| १० | नवलपरासी (व.सु.प.) | २२ | ११७५ | ० | ० | ० | ० | ० | |
| ११ | रूकुमपूर्व | १८ | ३००४.२ | १० | ० | ० | ० | ० | मदजुर, दाउरा संकलक सा. घाइते |
| १२ | पाल्पा | १२७ | ३५८६ | २ | ४७* | ३७ | ० | ० | सामान्य घाइते |
| १३ | रूपन्देही | ४० | ८८७ | १९ | ० | ४० | ० | ० | सख्त घाइते ४, सा.घाइते १५ |
| १४ | गुल्मी | ८६ | २२१५ | ० | ७३* | ७५ | ० | ० | |
| **कुल जम्मा** | | **१८८२** | **७५८८१** | **३२** | **१४२** | **२१६** | **६५०** | **३** | |

*(श्रोत: सम्बन्धित डिभिजन वन कार्यालय)*

### ख) वन अतिक्रमण सम्बन्धी विवरण

वन ऐन, २०७६ को दफा ३ मा राष्ट्रिय वनको भू स्वामित्व नेपाल सरकारमा रहने र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय विना भू उपयोग परिवर्तन गर्न र कसैलाई हक हस्तान्तरण गर्न सकिने छैन भन्ने उल्लेख छ । यो दण्डनिय अपराध मानेको छ । त्यसैगरी वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति २०६८ ले वन क्षेत्रलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र तोकि सवैखाले अतिक्रमणवाट जोगाईने रणनीति अवलम्वन गरेको र वन क्षेत्रको जग्गा अतिक्रमण गरी वसोवास गरेका ब्यक्तिका नाममा कुनै पनि अवस्थामा दर्ता नगराउने ब्यवस्था गरिने उल्लेख गरेको पाइन्छ। विगत देखी नै डिभिजन वन कार्यालयहरूबाट नियमित गस्ती पेट्रोलिङको माध्यमबाट वन अपराध तथा वन अतिक्रमण नियन्त्रणको लागि प्रयास भैरहेको देखिन्छ । डिभिजन वन कार्यालय अनुसार आ.व. २०७९।८० को अन्तमा कायम रहेको वन अतिक्रमण, २०८०।८१ मा भएको वन अतिक्रमण र आ.व. २०८०।८१ मा हटाइएको वन अतिक्रमण र २०८०।८१ अन्तमा कायम रहेको वन अतिक्रमण सम्बन्धी तालिका २८ मा देखाइएको छ ।

तालिका नं. २८ डि.व.का. अनुसार आ.व. २०८०/८१ को वन अतिक्रमण सम्बन्धी विवरण

| सि. नं. | डि.व.का. | आ.व. २०७९/८० को अन्तमा कायम रहेको वन अतिक्रमण (हे.) | आ.व. २०८०/८१ मा भएको वन अतिक्रमण (हे.) | आ.व. २०८०/८१ मा हटाइएको वन अतिक्रमण (हे.) | आ.व. २०८०/८१ को अन्तमा कायम वन अतिक्रमण (हे.) |
|---|---|---|---|---|---|
| १ | अर्घाखाँची | १८.२५ | ० | ० | १८.२५ |
| २ | बर्दिया | २८८.७५ | ० | ० | २८८.७५ |
| ३ | कपिलवस्तु | १५९३.४७ | ० | २१ | १५७२.४७ |
| ४ | बाँके | ६१७.९८ | ० | ३.५ | ६१४.४८ |
| ५ | रोल्पा | ५० | ० | ० | ५० |
| ६ | देउखुरी | २०४२ | ० | ० | २०४२ |
| ७ | दाङ | १५०.१७ | ० | ४.११ | १४६.०६ |
| ८ | गौतमबुद्ध | ८८९.०६ | ० | ० | ८८९.०६ |
| ९ | प्यूठान | १८.१६ | ० | ० | १८.१६ |
| १० | परासी | ७४६.५१ | ० | ० | ७४६.५१ |
| ११ | रूकुमपूर्व | ५ | ५ | १ | ९ |
| १२ | पाल्पा | १२ | ० | ० | १२ |
| १३ | रूपन्देही | ८३५० | ५ | ५ | ८३५० |
| १४ | गुल्मी | ८४ | ० | ० | ८४ |
| | **कुल जम्मा** | **१४८६५.३५** | **१०** | **३४.६१** | **१४८४०.७४** |

*(श्रोत: सम्बन्धित डिभिजन वन कार्यालय)*

## ग) वन मुद्दा सम्बन्धी विवरण

वन ऐन २०७६ तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम वन अपराध मानिएका विभिन्न अपराध कर्ममा रहेका प्रतिवादी उपर सम्मानित जिल्ला अदालत तथा डिभिजन वन कार्यालयमा मुद्दा दायर भएको देखिन्छ । आ.व. २०८०।८१ मा डिभिजन वन कार्यालय मार्फत दायर भएका मुद्दाको विवरण तालिका २९ मा दिइएको छ ।

तालिका नं. २९ २०८०।८१ मा दायर भएका मुद्दाको विवरण

| सि. नं. | डि.व.का. | डि.व.का. मा दायर मुद्दा सँख्या | जिल्ला अदालतमा दायर मुद्दा सँख्या | प्रतिवादी सँख्या | बरामदित काठ परिमाण (घनफिट) | बरामदित दाउरा परिमाण (चट्टा) | बरामदित गै.का.व.पै. तथा जडिबुटी (के.जी.) | बरामदित आखेटोपहारको संख्या | जफत भएका ओसारपसार साधनको सँख्या | मुद्दा फछ्र्यौट संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अर्घाखाँची | ० | १ | १ | ०.० | ० | ० | ० | ० | ० | |
| २ | बर्दिया | ० | ४ | ७ | ४३२.३ | ०.२५ | ० | ० | २३ | ० | मोटरसाईकल-९, साईकल-१०, ट्याक्टर-२, बोलेरो-१,गाडा-१ |
| ३ | कपिलवस्तु | ० | ८ | ३० | ९०.३ | ० | ० | ० | ० | ० | |
| ४ | बाँके* | ० | २३ | ६४ | ८४२.८ | ० | ५१२१.९४ | ४ | १ | ० | इलेक्ट्रिक गाडी थान १ जिल्ला अदालत बुझाएको । |
| ५ | देउखुरी | ० | ९ | ३७ | ३७८०.१ | ०.२५ | ० | ० | ० | ० | |
| ६ | दाङ | ० | ५ | ८ | ६६.५ | ० | ० | ० | ३ | ० | मिनि ट्रक थान १, मोटरसाईकल २ |
| ७ | गौतमबुद्ध | ० | ० | ० | १५८.९ | ० | ० | ० | ४८ | ० | ४७ साइकल,१ अटो |
| ८ | प्यूठान | १ | ७ | १४ | ५०९.७ | ० | ० | ० | ० | ० | |
| ९ | परासी | ० | ३ | ० | २९६.५ | ० | ० | ० | ० | ० | |
| १० | पाल्पा | ० | ४ | १७ | ०.० | ० | ० | ० | ० | ० | |
| ११ | रूपन्देही | ३ | ५ | १६ | ४५८.८ | ० | ० | ० | ० | १ | |
| **जम्मा** | | **४** | **६९** | **१९४** | **६६३५.८** | **०.५** | **५१२१.९४** | **४** | **७५** | **१** | |

**डि.व.का. बाँकेबाट बरामद भएको गैरकाष्ठ तथा वन्यजन्तुको आखेटोपहारः यार्सागुम्बा ३७.९८ किलोग्राम, झ्याउ ५०८४.०२ के.जि., पाटे बाघको छाला थान २, पाटे बाघको हड्डी ६.८१ के.जि., चित्तलको मासु ३० के.जि.*

यसैगरी आ.व. २०८०।८१ भन्दा अगाडी डिभिजन वन कार्यालय र जिल्ला अदालतमा मुद्दा दायर भै फछ्यौंट हुन बाँकी मुद्दाको विवरण तालिका ३० मा देखाइएको छ ।

तालिका नं. ३० आ.व. २०८०।८१ मा भन्दा अगाडी दायर भई फछ्यौंट हुन बाकी मुद्दाको विवरण

| सि. नं. | डि.व.का. | डि.व.का.मा दायर मुद्दा संख्या | जिल्ला अदालतमा दायर मुद्दा सँख्या | प्रतिवादी सँख्या | बरामदित काठ परिमाण (घनफिट) | बरामदित दाउरा (चट्टा) | बरामदित गै.का.व.पै. तथा जडिबुटी (के.जी.) | बरामदित आखेटोपहारको संख्या | जफत भएका बोझवाहकको संख्या | मुद्दा फछ्र्यौट संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अर्घाखाँची | ० | ३ | ३ | ० | ० | ० | ० | ० | ० | |
| २ | बर्दिया | ० | ४४ | ० | ० | ० | ० | ० | ० | ० | |
| ३ | बाँके | ० | १६१ | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | रोल्पा | ० | १ | १० | ० | ० | ० | ० | ० | ० | |
| ५ | दाङ | ० | ७ | १५ | ५६५ | ० | ० | १५ | १ | ० | |
| ६ | गौतमबुद्ध | ० | १६ | ३४ | ३५७०.७२ | ० | ० | ० | १३९ | ० | ४ मोटरसाइकल तथा १३५ साइकल |
| ७ | प्यूठान | १ | ६ | ११ | ० | ० | ० | ० | ० | ० | |
| ८ | नवलपरासी (व.सू.प.) | ० | ५७ | ३ | १६७.२७ | ० | २०३.२ | १ | ० | ० | जरायो सिंह र ९ टुक्रा बदेलको मासु |
| ९ | रूकुमपूर्व | १ | ० | २ | ० | ० | ४९८ | ० | ० | ० | |
| १० | पाल्पा | ० | ६ | १३ | ० | ० | ० | ० | ० | ० | |
| ११ | रूपन्देही | ११ | ४८ | ४८ | ५२३.२ | ० | ० | ० | ० | ० | |
| | कुल जम्मा | १३ | ३४९ | १३९ | ४८२६ | ० | ७०१.२ | १६ | १४० | ० | |

## ३.५ मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापन सम्बन्धी विवरण

### क) पृष्ठभूमिः

वन्यजन्तु र मानव बीच अन्योन्याश्रित संम्बन्ध रहेता पनि कतिपय अवस्थामा मानिसको कारणले वन्यजन्तु तथा वन्यजन्तुको कारणले मानिसमा विविध समस्याहरु श्रृजना भएको पाईन्छ । वन्यजन्तुको वासस्थानको क्षेत्र घट्नु, वासस्थान टुक्रिनु (Habitat Fragmentation), वन्यजन्तुको आहारामा कमी आउनु, वन डढेलोका घटनाहरु तथा तिव्रता बढ्नु, वासस्थानमा मानवीय क्रियाकलापहरुका कारणले सुरक्षित नहुनु, मानिस र वन्यजन्तुका आधारभूत आवश्यकताको समुचित व्यवस्थापन हुन नसक्नु र मानिसमा सह-अस्तित्वको भावना भन्दा बदलाको भावना वृद्धि हुनु आदिको कारणले मानव वन्यजन्तु द्वन्द्व प्रत्येक वर्ष संख्यात्मक रुपमा बढिरहेको पाइन्छ। पछिल्लो समय जनसंख्या वृद्धिसँगै तिव्र रुपमा वढ्दै गएको वातावरणीय विनासका कारण वनजंगललाई नै आफ्नो मूख्य वासस्थानका रुपमा प्रयोग गर्दै आएका वन्यजन्तुको वासस्थान खण्डित हुनुका साथै आहारमा भएको कमिका कारण खाना तथा सुरक्षित वास्थानको खोजिमा वन्यजन्तुहरु मानव वस्ती र खेतीवाली लगाइएको क्षेत्रमा प्रवेश गर्दा मानव र वन्यजन्तु विच द्वन्द्व बढ्न गएको पाईन्छ । पछिल्ला केही दशक यता देशमा सामुदायिक वन व्यवस्थापन मार्फत वन क्षेत्र र वनको घनत्व विस्तार तथा वृद्धि, वन्यजन्तुका वासस्थानमा सुधार र सहभागितामुलक चोरी शिकारी नियन्त्रण लगायतका कामहरुबाट वन्यजन्तुका संख्यामा उल्लेख्य वृद्धि भएको पाइन्छ ।

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०८० को परिभाषा अनुसार "वन्यजन्तुबाट हुने क्षति भन्नाले "हात्ती, गैडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वासे चितुवा, व्वाँसो, जंगली कुकुर, जंगली बदेल, अर्ना, मगर गोही, गौरी गाई र अजिंगर, निलगाई, बादरबाट हुने मानवीय क्षति, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर/गोठको क्षति, निजी जमिनमा खनिएको पोखरीमा पालन गरेको माछा तथा खोरमा पालिएका कुखुरा र निजि जमिनमा लगाईएको वालीको क्षति समेतलाई जनाउँछ।"

वन नियमावली, २०७९ को नियम १२९(१) मा मानव वन्यजन्तु द्वन्द्वको प्रभावमा पर्ने उपभोक्ता समुहले आ-आफ्नो क्षेत्रमा हुने मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापनका लागि वन व्यवस्थापनबाट प्राप्त गर्ने आयको निश्चित अंश छुटयाउनु पर्ने र सोहि नियमावलीको नियम १२९(२) मा यसरी छुटयाइएको रकमबाट ऐनको दफा ३३ को उपदफा (४) बमोजिम वन्यजन्तुबाट हुने क्षतिको राहत प्रदान गर्न र मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापनको कार्य गर्न सकिनेछ भन्ने व्यवस्था रहेको छ। साथै वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० को दफा ९(१) मा संरक्षण क्षेत्र उपभोक्ता समिति, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समुह, संरक्षण क्षेत्र सामुदायिक वन उपभोक्ता समुह, सामुदायिक वन उपभोक्ता समुह वा अन्य वन उपभोक्ता समुहले व्यवस्थापन योजना वा कार्ययोजना कार्यान्वयन गरी आर्जन गरेको आन्तरिक आम्दानी रकमको कम्तिमा पाँच प्रतिशत रकम वन्यजन्तुबाट हुने क्षतिको राहतको लागि छुटयाउनु पर्नेछ भन्ने व्यवस्था रहेको।

लुम्बिनी प्रदेशको वन ऐन, २०७८ को दफा ४६ मा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास समयका लागि कुनै वन्यजन्तुलाई समस्याग्रस्त वन्यजन्तु घोषणा गर्न सक्नेछ र त्यसरी समस्याग्रस्त घोषणा गरिएका बन्यजन्तुलाई सोही सूचनामा तोकिएको शर्त र वन्देजको अधिनमा रही खेत, खला, बारी र तोकिएको क्षेत्रमा विना अनुमति लखेट्न धपाउन, पक्रन वा अन्य व्यवस्था गर्न सकिनेछ भन्ने व्यवस्था रहेको। सोही ऐनको दफा ४८ (१) मा कुनै व्यक्ति वा निकायले समस्याग्रस्त, असहाय, नरभक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि मन्त्रालयबाट तोकिए बमोजिम अनुमति लिई वन्यजन्तु अस्पताल वा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सक्नेछ भन्ने व्यवस्था रहेको। साथै सोही ऐनको दफा १०१(१) मा वन संरक्षण, व्यवस्थापन तथा विकाश सम्बन्धि कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाइते भएमा तोकिए बमोजिम प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ र सोही ऐन को दफा १०१ (२) मा प्रदेश भित्रको राष्ट्रिय वन क्षेत्रमा तोकिएको वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पिडितलाई प्रदेश सरकार कार्यक्रम मार्फत तत्काल राहत उपलब्ध गराउने व्यवस्था समेत रहेको छ। प्रदेश वन नियमावलीको नियम ८३ मा ऐनको दफा १०१ बमोजिम वन संरक्षण र व्यवस्थापन कार्यमा संलग्न कर्मचारी, उपभोक्ता, श्रमिक वा वन्यजन्तुको आक्रमणवाट पीडित घाइते वा मृतकको हकवालालाई, वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पिडितलाई प्रदेश सरकारले राहत उपलब्ध गराउन सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

### ख) मानव-वन्यजन्तु सहअस्तित्व कायम गर्न अवलम्वन गरिएका उपायहरुः

मानव वन्यजन्तु सहअस्तित्व कायम गर्न लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालयबाट वन तथा वन्यजन्तु सम्बन्धि मुद्दाको अनुसन्धान, तहकिकात र मुद्दा दायरी, वन अपराध नियन्त्रणमा सरोकारवाला विच समन्वय बैठक, वन्यजन्तु अपराध नियन्त्रण सहजीकरण, चुरे लगायत संवेदनशील क्षेत्रमा हरियाली प्रवर्धन कार्यक्रम, एक वडाः एक पोखरी कार्यक्रम, संकटापन्न तथा लोपोन्मुख वनस्पति, वन्यजन्तुको वास्थान संरक्षण, पिडितसँग प्रदेश सरकार कार्यक्रम मार्फत मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, वन्यजन्तु संरक्षण र उद्धारका लागि Rapid Response Team परिचालन, विषालु सर्प उद्दार तथा पुर्नस्थापनका लागि सिप तथा प्रविधि सहयोग, वन, वन्यजन्तु, अतिक्रमण, चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण सम्बन्धि प्रचार प्रसार, तारवार, वन्यजन्तु उद्धार केज निर्माण आदि कार्यक्रमहरु संचालन गरिएको छ। घाइते, टुहुरा, बाटो बिराएर मानव बस्तीमा पसेका तथा मृत वन्यजन्तुको उद्धार/व्यवस्थापन प्रहरी कार्यालय, सामुदायिक वन उपभोक्ता समुह, निकुञ्ज कार्यालय तथा अन्य संघ संस्था (जस्तै तराई भू-परिधि कार्यक्रम, राष्ट्रिय प्रकृति संरक्षण कोष) सँगको सहकार्यमा डि.व.का./ सब डि.व.का. हरुबाट भैरहेको अवस्था छ।

## अ. वन्यजन्तु उद्धारः

आ.व. ०८०/०८१ मा विभिन्न डिभिजन वन कार्यालय अन्तर्गत घाइते, टुहुरा, बाटो बिराएर मानव वस्तीमा पसेका ५२० वन्यजन्तु जिवित अवस्था मै उद्धार गरिएको र २३ मृत वन्यजन्तुको व्यवस्थापन गरिएको थियो। उद्धार गरिएको वन्यजन्तुलाई उपचार गर्नुपर्ने भएकोमा उपचार पश्चात् प्राकृतिक वासस्थानमा पुनर्स्थापन गरिएको, हिंस्रक वन्यजन्तुलाई चिडियाखानामा पठाइएको साथै मृत वन्यजन्तुलाई स्थानीय जनप्रतिनिधी तथा प्रहरीको रोहबरमा सुरक्षित ठाउँमा जमिनमा गाडी व्यवस्थापन गरिएको थियो।

तालिका नं. ३१ आ. व. २०८०/८१ मा उद्धार गरिएका वन्यजन्तुको विवरण

| सि.नं. | वन्यजन्तु | घाइते | जिवित | मृत |
|---|---|---|---|---|
| १ | अजिंगर | | ९३ | |
| २ | ओत | | | १ |
| ३ | कछुवा | | ५ | |
| ४ | घडियाल/मगर गोही | | ६ | |
| ५ | चरिबाघ | | १ | |
| ६ | चितुवा | | ७ | २ |
| ७ | जंगली बदेल | | ५ | १ |
| ८ | डल्फिन | | २ | |
| ९ | निर विरालो/वन विरालो | | ६ | |
| १० | निलगाई | | २६ | १२ |
| ११ | बाघ | | १ | |
| १२ | मयूर | | २ | |
| १३ | रातो बाँदर | | ३ | |
| १४ | लाटो कोसेरो | | ३ | |
| १५ | विभिन्न प्रजातिका गिद्ध | | ९ | १ |
| १६ | विभिन्न प्रजातिका मृग | १ | ३३ | ६ |
| १७ | विभिन्न प्रजातिका सर्प | | ३०९ | |
| १८ | सारहाँस | | १ | |
| १९ | सुनगोहोरो | | ६ | |
| २० | स्याल | | १ | |
| जम्मा | | १ | ५१९ | २३ |

तालिका नं. ३२ लुम्बिनी प्रदेश अन्तर्गत विभिन्न डिभिजन वन कार्यालयहरुबाट आ. व. २०८०/८१ मा उद्धार गरिएका वन्यजन्तुको विवरण

| डि.व.का. को नाम | घाइते | जिवित | मृत | जम्मा |
|---|---|---|---|---|
| नवलपरासी (व.सु.प) | | ४० | २ | ४२ |
| रुपन्देही | १ | ८५ | १४ | १०० |
| कपिलवस्तु (कपिलवस्तु) | | ७८ | | ७८ |
| कपिलबस्तु (गौतमबुद्ध) | | १५ | ४ | १९ |
| दाङ (दाङ) | | ४ | | ४ |
| दाङ (देउखुरी) | | २९ | | २९ |
| बर्दिया | | १४६ | | १४६ |
| बाँके | | ९९ | | ९९ |
| अर्घाखाँची | | ४ | | ४ |
| गुल्मी | | ६ | | ६ |
| पाल्पा | | १० | | १० |
| प्यूठान | | १ | | १ |
| रोल्पा | | २ | २ | ४ |
| रुकुम पूर्व | | | १ | १ |
| जम्मा | १ | ५१९ | २३ | ५४३ |

### आ. मुद्दा दायर

अवैध रुपमा वन्यजन्तु शिकार तथा आखेटोपहार ओसार-पसार गर्ने विरुद्ध जिल्ला अदालत बाँके, दाङ र कपिलवस्तुमा २२ जना प्रतिवादी विरूद्ध ५ वटा मुद्दा दायर गरिएको।

### इ) वन्यजन्तुबाट भएको क्षति

बाघ, चितुवा र भालुबाट मानवीय क्षति भएको देखिन्छ । चितुवाले पशुधनमा बढि क्षति गरेको देखिन्छ । बाँके, बर्दियामा बाघ र चितुवाबाट समस्या बढि हुने गरेको पाइन्छ। अर्घाखाँची जिल्लामा चितुवा र भालुबाट बढी क्षति भएको पाइन्छ। बाँदर, बँदेल र दुम्सीले यस प्रदेशका अधिकांश जिल्लाहरुमा बालीनाली क्षति गरेको पाइन्छ। कपिलवस्तु, रुपन्देही जिल्लामा निलगाईले वाली नष्ट गरेको पाइन्छ। बाँके जिल्लामा गोहीबाट समस्या हुने गरेको देखिन्छ। तराईका अधिकांश जिल्लामा अजिङ्गर र विषालु सर्पको समस्या र उद्धार हुने गरेको देखिन्छ। डिभिजन वन कार्यालयहरुबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०८०/०८१ मा विभिन्न डिभिजन वन कार्यालय अन्तर्गत वन्यजन्तुबाट निम्नानुसार क्षति भएको थियो।

## मानविय क्षति

आ.व. २०८०/८१ मा बाघबाट सबै भन्दा वढी ४ व्यक्ति र चितुवाबाट १ व्यक्ति गरि जम्मा ५ व्यक्तिको बर्दियामा मृत्यु भएको देखिन्छ। चितुवाबाट ३ जना व्यक्ति, हात्तीबाट २ व्यक्ति र गैडाबाट १ व्यक्ति घाइते भएको देखिन्छ।

तालिका नं. ३३ डिभिजन वन कार्यालय अनुसार मानविय क्षति विवरण

| सि.नं. | डिभिजन | मानवीय क्षति | संख्या | क्षति गर्ने वन्यजन्तु | प्रस्तावित राहत रकम रु |
|---|---|---|---|---|---|
| १ | बर्दिया | मृत्यु | ४ | बाघ | ४०,००,०००।- |
| २ | बर्दिया | मृत्यु | १ | चितुवा | १०,००,०००।- |
| ३ | बर्दिया | सख्त घाइते | १ | चितुवा | १,५९,८८३।- |
| ४ | बर्दिया | घाइते | २ | चितुवा | ८,९६०।- |
| ५ | बर्दिया | घाइते | २ | हात्ती | १,१२,१४४।- |
| ६ | बर्दिया | घाइते | १ | गैडा | १,७८,३६३।- |
| **जम्मा** | | | **११** | | **५४,५९,३५०।-** |

## मानवीय क्षतिको राहत सम्बन्धी विवरणः

आ.व. २०८०/०८१ मा वन्यजन्तुको आक्रमणबाट बर्दिया जिल्लामा बाघ र चितुवाको आक्रमणबाट ५ जनाको मृत्यू र १ जना सख्त घाइते भएकोमा वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) नेपालबाट राहत रकम समेत उपलब्ध गराइएको थियो । सो विवरण निम्नानुसार तालिका ३४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३४ बर्दिया जिल्लामा मानवीय क्षतिको राहत उपलब्ध गराइएको विवरणः

| सि.नं. | मृतक/ घाइतेको नाम | ठेगाना | उपलब्ध गराइएको राहत रकम | राहत बुझ्नेको | |
|---|---|---|---|---|---|
| | | | | नाम | नाता |
| १ | काली बंशिमगर (मृतक) | मधुवन-३ | ८००००० | प्रेम बंशिमगर | छोरा |
| २ | गायत्री डाँगी (मृतक) | मधुवन-५ | ८००००० | नारायण कुमार डाँगी | पति |
| ३ | सुमित थारु (मृतक) | बारबर्दिया-४ | ८००००० | रामशंकर थारु | बुवा |
| ४ | साहिल बि.क. (गम्भिर घाईते) | बारबर्दिया-३ | १५०००० | प्रेम बहादुर सुनार | बुवा |

## पशुधन क्षति

घरपालुवा जनावर क्षति गर्ने वन्यजन्तु चितुवा, बाघ र गोही रहेको देखिन्छ। घरपालुवा जनावर क्षति बर्दिया, बाँके, अर्घाखाँची, पाल्पा, र दाङ जिल्लामा भएको देखिन्छ। वन्यजन्तुबाट घरपालुवा जन्तुमा भएको क्षति वापत् आ.व. ०८०/०८१ मा रु. ८,९५,५००।- राहत सिफारिस गरिएको थियो।

तालिका नं. ३५ आ.व. २०८०/०८१ मा वन्यजन्तुबाट भएको पशुधन क्षतिको विवरण

| पशुधन | संख्या |
|---|---|
| बाख्रा/ बोका | ७७ |
| गाई/ गोरु | ६ |
| राँगा/ भैसी | ३ |
| जम्मा | ८६ |

## बाली क्षति

आ.व. ०८०/०८१ मा बन्यजन्तुवाट वालीनाली क्षति वापत रु ४७,३१,७७५.७३।- राहत सिफारिस गरिएको थियो।

## घरगोठ क्षति

आ.व. ०८०/०८१ मा वन्यजन्तुबाट बर्दिया जिल्लामा ४ वटा घर गोठमा क्षति भएको थियो ।

### ग) मानव-वन्यजन्तु सहअस्तित्व कायम गर्न विद्यमान समस्याहरुः

मानव वन्यजन्तु सहअस्तित्व कायम गर्न लुम्बिनी प्रदेशमा देखिएका विद्यमान समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- वन ऐन २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम डिभिजनल वन अधिकृतले हेर्नुपर्ने मुद्दा सम्बन्धमा डिभिजनल वन अधिकृत प्रदेश सरकार मातहत समायोजन भै आए पश्चात् अन्योलग्रस्त भएकाले कानुन कार्यान्वयनमा समस्या देखिएको ।
- मानव वन्यजन्तु सहअस्तित्व कायम गर्न तथा द्वन्द्व न्यूनीकरण गर्न पर्याप्त स्रोत साधन, उद्धार सामग्री र तालिम प्राप्त जनशक्तिको कमी।
- बाँदर, बँदेल, रतुवा, निलगाई, दुम्सी जस्ता वन्यजन्तुबाट कृषि बालीमा क्षति व्यापक बढ्दै गएको र नियन्त्रणको लागि कुनै प्रभावकारी पहल गर्न नसकिएको।
- बाँदर, निलगाई र बँदेलबाट वालीनालीको क्षति सम्बन्धि घटनाको वृद्धि हुँदा स्थानीय स्तरमा क्षतिको

मुल्यांकन गर्ने प्राविधिक जनशक्ति कमी हुँदा जनगुनासो बढ्दै गएको।

- वन्यजन्तुबाट हुने क्षतिका कारण खासगरी बाँदरको आतंकको कारण कृषि पेशाबाटै विस्थापित हुने अवस्था रहेको।
- प्रदेशस्तरमा डार्टिङ्ग गर्न सक्ने जनशक्ति र प्रविधि नरहेको कारण हिंस्रक वन्यजन्तुको उद्धार कठिनाई रहेको।
- विभिन्न किसिमको वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण प्रकृया लामो तथा झन्झटिलो रहेको र क्षति अनूरूप राहतको लागि विनियोजित बजेट ज्यादै न्यून हुने गरेको ।
- वन तथा वन्यजन्तु सम्बन्धी अपराध नियन्त्रण गर्न भन्सार विन्दुमा चेकजाँच गर्न वन तथा वन्यजन्तु सम्बन्धी विज्ञ कर्मचारीको दरवन्दी कायम नभएको ।
- प्रदेश स्तरमा वन तथा वन्यजन्तुको आखेटोपहार पहिचान गर्ने फरेन्सिक ल्याव नरहेको ।
- वनका कर्मचारी, प्रहरी, हुलाक कर्मचारी तथा अन्य सरोकारवालाहरुमा आखेटोपहारका परिवर्तित रूपको पहिचान सम्बन्धी तालिम तथा ज्ञान तथा उपकरण अभाव रहेको ।
- वन्यजन्तु मैत्री पूवार्धार नहुँदा वन्यजन्तु मृत्युका घटनामा वृद्धी (नहर, सडक, आदि)

**घ) मानव-वन्यजन्तु सहअस्तित्व कायम गर्न अवलम्वन गर्नुपर्ने सुझावहरुः**

- डिभिजन वन कार्यालयमा वन्यजन्तुको उपचार सम्बन्धि विशेष कर्मचारीको दरबन्दी हुनुपर्ने।
- घाइते अवस्थामा रहेका वन्यजन्तुको उद्धारका लागि पर्याप्त शिप र विज्ञता नरहेको हुँदा कर्मचारीको क्षमता विकास तथा श्रोत साधनको उपलब्धता बढाउनु पर्ने।
- वन्यजन्तु उद्धार तथा व्यवस्थापनको लागि तालिम प्राप्त जनशक्ति र साधन स्रोत समयमै उपलब्ध गराई छुट्टै Rapid Response Team को व्यवस्था समेत हुनु पर्ने।
- राजमार्गको विभिन्न ठाउँमा वन्यजन्तुको लागि Trauma Centre/Hospital स्थापना गर्नुपर्ने।
- कृषिवालीलाई बढी हानी पुर्‍याउने बाँदर, निलगाई, बँदेल, लगायतका वन्यजन्तुको नियन्त्रणका लागि हानिकारक वन्यजन्तुको घोषणा गरी स्थानीयस्तरमा नियन्त्रण गर्न सकिने व्यवस्था हुनुपर्ने
- Wildlife Rescue लाई प्रभावकारी बनाउन प्रदेशस्तरमा Equipped wildlife rescue center बनाउनुपर्ने Wildlife rescue ambulance समेतको व्यवस्था हुनुपर्ने र त्यसलाई साँगठनिक स्वरूप समेत दिनुपर्ने ।
- कर्मचारीलाई वन्यजन्तु उद्धार सम्बन्धि प्रर्याप्त तालिम, उद्धार सामग्री र फिल्ड गियरको व्यवस्था हुन पर्ने।
- हिंस्रक वन्यजन्तुको उद्धारमा खटिने कर्मचारीको दुर्घटना विमा गरिनु पर्ने।
- प्रत्येक जिल्लामा मानव वन्यजन्तु द्वन्द्वको अवस्था सम्बन्धमा विस्तृत अध्ययन गरी उक्त अध्ययनबाट प्राप्त राय सुझावहरुको प्रभावकारी कार्यान्यनका लागि आवश्यक जनशक्ति र श्रोतसाधनको व्यवस्था गर्नुपर्ने ।

- सामुदायिक वन उपभोक्ता समुह वा अन्य वन उपभोक्ता समुहले व्यवस्थापन योजना वा कार्ययोजना कार्यान्वयन गरी आर्जन गरेको आन्तरिक आम्दानी रकमको कम्तिमा पाँच प्रतिशत रकम वन्यजन्तुबाट हुने क्षतिको राहतको लागि छुटयाउनु पर्ने वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० को व्यवस्था कार्यान्वयन गर्नु पर्ने।
- भौतिक संरचना (नहर,सडक आदी) निर्माण एवं स्तरोन्नती गर्दा वन्यजन्तु मैत्री पुर्वाधार निर्माण निर्देशिका २०७८ मा भएको व्यवस्था अनुसार गर्नु पर्ने ।

## ३.६ वन उद्यम सम्बन्धी विवरण

वन व्यवस्थापनको क्रममा विभिन्न किसिमका वन पैदावर उत्पादन सँगै उक्त वन पैदावरको प्रशोधनका लागि विभिन्न खालका वन पैदावरमा आधारित उद्यमहरू समेत स्थापना र सञ्चालन भएको पाइन्छ । यस क्रममा आ.व. २०८०।८१ को अन्त्य सम्ममा विभिन्न डिभिजन वन कार्यालयको कार्य क्षेत्र भित्र कुल ७२१ वटा स:मिल दर्ता भएको र कुल ५७८ स:मिलहरू सञ्चालनमा रहेको डिभिजन वन कार्यालयहरूबाट प्राप्त रेकर्डमा देखिन्छ । त्यसैगरी २३७२ वटा फर्निचर उद्योगहरू दर्ता भै २०४६ वटा सञ्चालनमा रहेको देखिन्छ । त्यसैगरी ३७ वटा भेनियर तथा प्लाइउड उद्योग दर्ता भै २३ वटा सञ्चालनमा रहेको पाइन्छ भने ५२ वटा जडिबुटि प्रशोधन उद्योग दर्ता ३४ वटा सञ्चालनमा रहेको डिभिजन वन कार्यालयहरूबाट प्राप्त रेकर्डबाट देखिन्छ । यस्तै अन्य विभिन्न वनजन्य उद्यमहरू १५६ वटा दर्ता भै १४५ वटा सञ्चालनमा रहेको गरी कुल जम्मा ३३३८ वटा वनजन्य उद्यम दर्ता भै २८२६ वटा सञ्चालनमा रहेको रेकर्डबट देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण तालिका ३६ मा दिइएको छ ।

तालिका नं. ३६ डि.व.का. अनुसार आ.व. २०८०/८१ को अन्त्य सम्म दर्ता भएको र संचालनमा रहेको वन उद्यम सम्बन्धी विवरण

| सि. नं. | डिभिजन वन कार्यालयको नाम | स:मिल | | फर्निचर | | भेनियर/प्लाइबोर्ड | | जडिबुटी प्रशोधन उद्यम | | अन्य | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता | सञ्चालित | दर्ता | सञ्चालित | दर्ता | सञ्चालित | दर्ता | सञ्चालित | दर्ता | सञ्चालित | दर्ता | सञ्चालित |
| १ | रुपन्देही | २२७ | २२६ | ९३३ | ९१२ | ५ | ५ | १ | १ | ३५ | ३५ | १२०१ | ११७९ |
| २ | बाँके | ९६ | ९६ | ३२३ | ३१० | ० | ० | १८ | १७ | ४८ | ४८ | ४८५ | ४७१ |
| ३ | दाङ | ५३ | ५३ | १७७ | १७७ | २ | २ | ३ | ० | ४ | ४ | २३९ | २३६ |
| ४ | बर्दिया | ५२ | ४३ | १५८ | १५५ | ४ | ० | ५ | ५ | १३ | १३ | २३२ | २१६ |
| ५ | पाल्पा | ११ | ५ | १३५ | ११७ | २ | १ | १ | १ | ० | | १४९ | १२४ |
| ६ | गुल्मी | ६ | ४ | ११६ | ११४ | २ | १ | ६ | ४ | ० | | १३० | १२३ |
| ७ | रोल्पा | ४ | ३ | १२४ | ९१ | ० | ० | ७ | ३ | १३ | ८ | १४८ | १०५ |
| ८ | गौतमबुद्ध | ४४ | ३० | ३२ | ३२ | १३ | १३ | २ | १ | २४ | २४ | ११५ | १०० |
| ९ | कपिलवस्तु | १३३ | ८० | ९९ | | १ | १ | ० | ० | ० | ० | २३३ | ८१ |
| १० | प्यूठान | १ | १ | ५५ | ५३ | ० | | ४ | २ | १ | | ६१ | ५६ |
| ११ | अर्घाखाँची | ४ | ४ | ४८ | ४८ | ० | | ० | | ० | | ५२ | ५२ |
| १२ | देउखुरी | २२ | १५ | ३३ | २३ | २ | | १ | | २ | २ | ६० | ४० |
| १३ | रुकुम पुर्व | ० | ० | २० | १४ | ० | | ० | | १३ | ११ | ३३ | २५ |
| १४ | परासी | ६८ | १८ | ११९ | | ६ | | ४ | | ३ | | २०० | १८ |
| | जम्मा | ७२१ | ५७८ | २३७२ | २०४६ | ३७ | २३ | ५२ | ३४ | १५६ | १४५ | ३३३८ | २८२६ |

*(श्रोतः सम्बन्धित डिभिजन वन कार्यालय)*

## ३.७ वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि प्रयोग भएको सम्बन्धि विवरण

वन ऐन २०७६ को दफा ४१ मा राष्ट्रिय वनको कुनै पनि भाग वन क्षेत्रको भू उपयोग परिवर्तन हुने गरी प्रयोग गरीने छैन भनी व्यवस्था गरेको पाइन्छ । तर पुर्वाधार विकासको लागि नेपाल सरकारको निर्णय बमोजिम कुनै आयोजनालाई उपलब्ध गराएको वन क्षेत्रको हकमा यो व्यवस्था लागू हुने छैन भनी उल्लेख गरेको पाइन्छ ।

यसैगरी दफा ४२ मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्विकृत भएको योजना, राष्ट्रिय गौरवका योजना सञ्चालन गर्न वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानुन बमोजिमको वातावरणीय परिक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्नको निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्विकृति दिन सक्ने व्यवस्था रहेको छ । यसै व्यवस्था बमोजिम नेपाल सरकारको विभिन्न मितिको निर्णय बमोजिम यस प्रदेशको विभिन्न जिल्लाका वन क्षेत्र अन्य प्रयोजनको लागि उपलब्ध गराइएको पाइन्छ । आ.व. २०८०।८१ सम्ममा यस प्रदेशका विभिन्न जिल्लाहरूको वन क्षेत्र अन्य प्रयोजनको लागि उपलब्ध गराइएको शारांस विवरण तालिका ३७ मा र विस्तृत विवरण अनुसुची १ मा दिइएको छ ।

तालिका नं. ३७ जिल्ला अनुसार वनको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराइएको सम्बन्धी विवरण

| सि.नं. | जिल्ला | प्रयोजन | संख्या | क्षेत्रफल (हे) |
|---|---|---|---|---|
| १ | अर्घाखाँची | चुन ढुङ्गा उत्खनन | १ | ६८.३५ हे |
| | | सडक निर्माण | १ | ०.२०५ |
| | | विमानस्थल संरचना निर्माण | १ | १०.७६ |
| | | १३२ के.भी. प्रसारण लाईन निर्माण | २ | ५८.४२ |
| २ | दाङ(देउखुरी) | वडकापथ सिचाई आयोजना निर्माण | १ | ५७.३७ |
| ३ | नवलपरासी (ब.सु.प(. | सिमेन्ट उत्पादन | १ | ५ |
| | | विद्युत प्रशारण | ६ | ३५८।७६०६ |
| ४ | बाँके | सिँचाई नहर निर्माण | ३ | २६७.४५ |
| | | सडक निर्माण | १ | |

| सि.नं. | जिल्ला | प्रयोजन | संख्या | क्षेत्रफल (हे) |
|---|---|---|---|---|
| ५ | रुपन्देही | सुकुम्बासी समस्या सामाधान गरी पुर्जा वितरण | १ | २७४ हे |
| | | कार्यालय निर्माण तथा सञ्चालनार्थ | ५ | १1०६९ |
| | | विश्विविद्यालय तथा विद्यालय सञ्चालन | ९ | ७१.२४ |
| | | अस्पताल तथा प्रकृतिक चिकित्सा केन्द्र | २ | १२.२५ |
| | | प्रशारण लाइन तथा सवस्टेशन लागि | ६ | १०.०२ |
| | | केवलकार प्रा.लि. | ३ | ६.४२ |
| | | रंगशाला निर्माण तथा मण्डप निर्माण | २ | १४.२५ |
| | | सैन्य तालिम केन्द्र निर्माण तथा दंगा नियन्त्रण गण स्थापनाको लागि | २ | १५१२.३ |
| | | औद्योगिक क्षेत्र तथा धागो कारखाना | २ | २०.५६ |
| | | डम्पिङ साइट तथा रिजर्भवायर टंकी निर्माणल धर्मशाला | ४ | १.७ |
| | | सडक विस्तार | २ | १.५३ हे र ५० कि.मी. |
| ६ | कपिलबस्तु (कपिलवस्तु) | प्राथमिक स्वास्थय केन्द्र स्थापना | १ | ०।३ |
| | | सशस्त्र प्रहरी वल सिमा सुरक्षा तथा वद्युत प्रसारण लाइन | १ | १० |
| ७ | कपिलवस्तु(गौतमबुद्ध) | अस्पताल निर्माण | १ | - |
| ८ | पाल्पा | चुनढुंङ्गा उत्खनन् | ११ | १९५.२८६ |
| | | विद्युत उत्पादन | २ | २९.६९४२ |
| | | केवुलकार | २ | ४.०३ |
| | | पाल्पा बसपार्क, वृद्ध आश्रम तथा फोहर पानी प्रशोधन तथा ब्यबस्थापन | ३ | ५.३९ |
| | | कोइला उत्खनन् | १ | १.३२ |
| | | सडक पूर्वाधार | १ | २.८२ |
| ९ | रोल्पा | खनिज तथा चुन ढुङ्गा सिमेन्ट उद्योग | ५ | ३७.८४ |
| | | जलविद्युत आयोजना | १ | - |
| | | नेपाली सेना खड्ग दल गण रोल्पा | १ | - |
| | | सडक उन्नति | १ | २७.०४ |
| १० | प्युठान | सिमेन्ट उद्योग | १ | ४.९१ |
| | | हेल्थपोष्ट | १ | ०.०५१ |

# भाग ४

# वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरुबाट संचालित वार्षिक कार्यक्रमहरुको प्रगति विवरण

## ४.१ वन तथा वातावरण मन्त्रालयको समग्र बजेट तथा प्रगति अवस्था

लुम्बिनी प्रदेश सरकार अन्तर्गत वन तथा वातावरण मन्त्रालय र मातहतका निकायले कार्यान्वयन गर्ने गरी प्रदेश सरकारको श्रोत तथा संघिय शशर्त अनुदान मार्फत विभिन्न २१ वटा बजेट उपशिर्षकमा रही वार्षिक कार्यक्रम स्विकृत भएको पाइन्छ । आ.व. २०८०।८१ मा लुम्बिनी प्रदेश सरकार अन्तर्गत वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरूको लागि स्विकृत वार्षिक बजेट चालु खर्च शिर्षक तर्फ रू. १,१९,५६ लाख र पुँजीगत तर्फ ८८,४२ लाख गरी कुल २ अर्व ७ करोड ९८ लाख बजेट विनियोजन भएको देखिन्छ भने खर्च तर्फ हेर्दा चालुतर्फ ७८ करोड ७० लाख र पुँजीगत तर्फ ५१ करोड २० लाख गरी कुल जम्मा १ अर्व २९ करोड ९० लाख खर्च भएको देखिन्छ, जुन समग्र वार्षिक बजेटको ६२.५ प्रतिशत हुन आउने देखिन्छ । बजेट उपशिर्षक नं. ३२९९११३१ को जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) तर्फको कार्यक्रम ACCESS परियोजना अन्तर्गतको विश्व बैंकको ऋण सहयोगमा सञ्चालित परियोजना हो, जसमा नेपाल सरकारको तर्फबाट विनियोजन हुनुपर्ने १० प्रतिशत श्रोत तथा परियोजना सम्बन्धित विविध कागजातहरू संघिय तहमा तयारी तथा स्विकृति हुन नसक्दा उक्त बजेट उपशिर्षक अन्तर्गतको परियोजनाको १५ करोड १० लाख बजेट कत्ति पनि खर्च हुन नसकेको देखिन्छ । बजेट उपशिर्षक अनुसार वार्षिक विनियोजित बजेट तथा सो को खर्च सम्बन्धी विवरण तालिका ३८ मा देखाइएको छ ।

तालिका नं. ३८ बार्षिक बजेट तथा खर्च विवरण (समग्र)

| क्र. स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | |
| १ | ३२९०००११ | वन तथा वातावरण मन्त्रालय | ४५६.४१ | २२. | ४७८.४१ | २७१.३९ | २.२६ | २७३.६५ | ५७.२ |
| २ | ३२९०००१२ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | २९४.३ | १७५८.५७ | २०५२.८७ | १६५.३९ | ११८६.८७ | १३५२.२५ | ६५.८७ |
| ३ | ३२९०००१३ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | २२. | २३२. | २५४. | ४.३२ | १२७.४५ | १३१.७७ | ५१.८८ |
| ४ | ३२९०००१४ | भु-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | २८. | १४२३. | १४५१. | २३.२७ | १३०८.२९ | १३३१.५६ | ९१.७७ |
| ५ | ३२९०००१५ | वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम | ०. | २००. | २००. | ०. | ८५.३१ | ८५.३१ | ४२.६६ |
| ६ | ३२९०००१६ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | २४. | ६०. | ८४. | १०. | ०. | १०. | ११.९ |
| ७ | ३२९०००१७ | वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | ०. | ३९५. | ३९५. | ०. | १६४.७७ | १६४.७७ | ४१.७१ |
| ८ | ३२९०००१८ | कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम | ०. | ११८२.९ | ११८२.९ | ०. | ७०९.८९ | ७०९.८९ | ६०.०१ |
| ९ | ३२९०१०११ | वन निर्देशनालय | २०४.४२ | २०. | २२४.४२ | १४३.८७ | १८.६६ | १६२.५३ | ७२.४२ |
| १० | ३२९०१०१२ | डिभिजन वन कार्यालयहरु | ६३३६.१३ | २२. | ६३५८.१३ | ५०६०.४ | १२.०६ | ५०७२.४६ | ७९.७८ |
| ११ | ३२९०१०१३ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | ३१५.०७ | ११. | ३२६.०७ | २३१.७४ | १०.९४ | २४२.६८ | ७४.४३ |
| १२ | ३२९०२०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ९७.४३ | ७. | १०४.४३ | ५३.६५ | ०. | ५३.६५ | ५१.३७ |
| १३ | ३२९९११२० | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (संघ शसर्त अनुदान) | २४६. | २५५. | ५०१. | ५६.३९ | १७२.३२ | २२८.७१ | ४५.६५ |
| १४ | ३२९९११२१ | सम्वृद्धिका लागि वन (संघ शसर्त अनुदान) | २६११. | २८९. | २९००. | ७७०.०४ | ४३.७२ | ८१३.७५ | २८.०६ |

| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| १५ | ३२९९११२३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) | ३०. | ८२०. | ८५०. | ११.१५ | ६०३.१३ | ६१४.२८ | ७२.२७ |
| १६ | ३२९९११२५ | जडिबुटी विकास कार्यक्रम (संघ शसर्त अनुदान) | ०. | २२५. | २२५. | ०. | १९८.३७ | १९८.३७ | ८८.१६ |
| १७ | ३२९९११२७ | वन तथा भू-संरक्षण विभाग (संघ शसर्त अनुदान) | ५३९.२१ | ०. | ५३९.२१ | ४७७.८३ | ०. | ४७७.८३ | ८८.६२ |
| १८ | ३२९९११२८ | वातावरण विभाग (संघ शसर्त अनुदान) | ०. | १९५. | १९५. | ०. | १५६.४७ | १५६.४७ | ८०.२४ |
| १९ | ३२९९११२९ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) | ६४१.६९ | ०. | ६४१.६९ | ५९०.१८ | ०. | ५९०.१८ | ९१.९७ |
| २० | ३२९९११३० | जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) | ०. | ३२५. | ३२५. | ०. | ३१९.९४ | ३१९.९४ | ९८.४४ |
| २१ | ३२९९११३१ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) | ११०. | १४००. | १५१०. | ०. | ०. | ०. | ० |
| कुल जम्मा | | | ११९५६ | ८८४२ | २०७९८ | ७८७० | ५१२० | १२९९० | ६२.५ |

उपरोक्त बजेट उपशिर्षकमध्ये वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालयहरू, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वन तथा भू संरक्षण विभाग (संघ शसर्त अनुदान) र डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) (संघ शसर्त अनुदान) तर्फका कृयाकलापहरू प्रशासनिक कार्यक्रम रहेको र ति कार्यक्रम अन्तर्गत कर्मचारीहरूको पारिश्रमिक खर्च तथा कार्यालय सञ्चालन सम्बन्धी चालु प्रकृतिका कृयाकलापहरू मात्र रहेको देखिन्छ । अन्य बजेट उपशिर्षक अन्तर्गतका कार्यक्रमहरू कार्यक्रम बजेट अन्तर्गतका कृयाकलापहरू रहेका र सो सम्बन्धी वार्षिक बजेट तथा प्रगति सम्बन्धी विस्तृत विश्लेषण सहितका विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

## १. वन, वन्यजन्तु जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम (ब.उ.शि.नं. ३२९०००१२) अन्तर्गत मुख्यतया वन वन्यजन्तु, जैविक विविधता संरक्षण, व्यवस्थापन, अनुसन्धान, प्रचार प्रसार, तालिम, गोष्ठी जस्ता क्षमता अभिवृद्धिसँग सम्बन्धित कृयाकलापहरू तथा समन्वय, अनुगमन लगायतका कृयाकलापहरू रहेका छन् । यो कार्यक्रम वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र १४ वटै डिभिजन वन कार्यालयहरूबाट कार्यान्वयन भएको पाइन्छ । यो कार्यक्रम अन्तर्गत १४ वटा डिभिजन वन कार्यालयहरूको प्रगति विवरण तालिका ३९ मा देखाइएको छ । जसमध्ये सबैभन्दा बढी बजेट खर्च प्रतिशत डिभिजन वन कार्यालय पाल्पाको ९३.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम डिभिजन वन कार्यालय रूकुमपुर्वको २३.२ प्रतिशत रहेको पाइन्छ भने समग्रमा डिभिजन वन कार्यालयतर्फको ७०.७ प्रतिशत वित्तिय प्रगति भएको देखिन्छ ।

तालिका नं. ३९ वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रमको डि.व.का.हरूको बजेट तथा खर्च विवरण

| सि.नं. | कार्यान्वयन निकाय | बार्षिक वजेट (रू. लाखमा) | | | बार्षिक खर्च (रू. लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | डि.व.का. पाल्पा | १०.१ | ९७.९ | १०८ | १०.०९ | ९०.४३ | १००.५२ | ९९.९ | ९२.४ | ९३.१ |
| २ | डि.व.का. रूपन्देही | ७.७ | १३२.३५ | १४०.०५ | ७.३६ | ११७.४४ | १२४.८० | ९५.६ | ८८.७ | ८९.१ |
| ३ | डि.व.का. बर्दिया | ५.३ | ९१.१ | ९६.४ | ४.१४ | ७३.७६ | ७७.९१ | ७८.१ | ८१.० | ८०.८ |
| ४ | डि.व.का. परासी | ५.३ | ९४.१४ | ९९.४४ | ४.०७ | ७६.१३ | ८०.२० | ७६.८ | ८०.९ | ८०.६ |
| ५ | डि.व.का. प्यूठान | ७.७ | १०१.३२ | १०९.०२ | ७.१० | ८०.६४ | ८७.७४ | ९२.२ | ७९.६ | ८०.५ |
| ६ | डि.व.का. देउखुरी | १०.१ | १२५.३६ | १३५.४६ | ९.५० | ९९.२९ | १०८.७९ | ९४.१ | ७९.२ | ८०.३ |
| ७ | डि.व.का. बाँके | ७.७ | १४१.४४ | १४९.१४ | ५.८३ | १०५.४२ | १११.२६ | ७५.७ | ७४.५ | ७४.६ |
| ८ | डि.व.का. दाङ | १०.१ | १२४.८२ | १३४.९२ | ९.५० | ८९.८३ | ९९.३३ | ९४.१ | ७२.० | ७३.६ |
| ९ | डि.व.का. अर्घाखाँची | ७.७ | ६७.१८ | ७४.८८ | ६.७९ | ४८.१७ | ५४.९५ | ८८.२ | ७१.७ | ७३.४ |
| १० | डि.व.का. रोल्पा | १०.१ | ८६.६६ | ९६.७६ | ६.८१ | ६१.१८ | ६७.९९ | ६७.५ | ७०.६ | ७०.३ |
| ११ | डि.व.का. कपिलवस्तु | ७.७ | १८४.२ | १९१.९ | ६.७९ | ११०.५५ | ११७.३५ | ८८.२ | ६०.० | ६१.२ |
| १२ | डि.व.का. गौतमबुद्ध | ७.७ | १३५.६७ | १४३.३७ | ६.९५ | ७१.४४ | ७८.३९ | ९०.२ | ५२.७ | ५४.७ |
| १३ | डि.व.का. गुल्मी | ७.७ | ५१.२४ | ५८.९४ | ५.९२ | २४.२४ | ३०.१७ | ७६.९ | ४७.३ | ५१.२ |
| १४ | डि.व.का. रूकुमपूर्व | ५.३ | १०४.६२ | १०९.९२ | ४.८९ | २०.६६ | २५.५४ | ९२.२ | १९.७ | २३.२ |
| | **जम्मा** | **११०.२०** | **१५३८.००** | **१६४८.२०** | **९५.७३** | **१०६९.२१** | **११६४.९४** | **८६.९** | **६९.५** | **७०.७** |

## २. जडिबुटी तथा गैरकाष्ठ वन पैदावर विकास कार्यक्रम

यो कार्यक्रम (ब.उ.शि.नं. ३२९०००१३) खासगरी पहाडि जिल्लाहरूमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास गर्ने उद्देश्य राखी तय गरिएको कार्यक्रम हो । यो कार्यक्रम खासगरी पहाडी क्षेत्रका डिभिजन वन कार्यालयहरू पाल्पा, गुल्मी, अर्घाखाँची, रूकुमपूर्व, रोल्पा, प्युठान, दाङ (घोराही), बाँके जिल्लामा कार्यान्वयनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत मुख्य रूपमा जडीबुटी नर्सरी निर्माण, मर्मत तथा स्तरोन्नति, बिरुवा उत्पादन, जडीबुटी प्रवर्द्धनका लागि कृषक, व्यवसाय र प्राविधिक विच सिकाई आदानप्रदान अवलोकन भ्रमण, उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम र जडीबुटी फोकल टिम बैठक आदि कृयाकलापहरू रहेका थिए । यो कार्यक्रमको लागि ८ वटा डिभिजन वन कार्यालयहरूको लागि कुल २ करोड २८ लाख बजेट विनियोजन भएकामा जम्मा १ करोड २० लाख ८६ हजार मात्र खर्च भएको देखिन्छ, जसमा समग्र बजेटको जम्मा ५३ प्रतिशत मात्र वित्तिय प्रगति रहेको पाइयो । डिभिजन वन कार्यालय अनुसार विनियोजित बजेट खर्चको विवरण तालिका ४० मा देखाइएको छ ।

तालिका नं. ४० जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम तर्फको डि.व.का.को बजेट तथा खर्च विवरण

| सि. नं. | कार्यान्वयन निकाय | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | डि.व.का. पाल्पा | १.५ | २१ | २२.५ | ०.३४ | १९.९१ | २०.२५ | २२.७ | ९४.८ | ९०.० |
| २ | डि.व.का. दाङ | १.५ | १७.५ | १९ | १.५ | ११.१७ | १२.६७ | १००.० | ६३.८ | ६६.७ |
| ३ | डि.व.का. बाँके | १.५ | ९.२५ | १०.७५ | ० | ७.११ | ७.११ | ०.० | ७६.९ | ६६.२ |
| ४ | डि.व.का. रूकुमपूर्व | १.५ | ७४.२५ | ७५.७५ | ०.५ | ४१.८४ | ४२.३४ | ३३.३ | ५६.३ | ५५.९ |
| ५ | डि.व.का. प्यूठान | १.५ | २९.५ | ३१ | ० | १५.४९ | १५.४९ | ०.० | ५२.५ | ५०.० |
| ६ | डि.व.का. गुल्मी | १.५ | १९.५ | २१ | ०.९८२ | ६.१४ | ७.१२ | ६५.५ | ३१.५ | ३३.९ |
| ७ | डि.व.का. अर्घाखाँची | १.५ | १४.२५ | १५.७५ | ०.५ | ४.७८ | ५.२८ | ३३.३ | ३३.६ | ३३.६ |
| ८ | डि.व.का. रोल्पा | १.५ | ३०.७५ | ३२.२५ | ०.५ | १०.१० | १०.६० | ३३.३ | ३२.८ | ३२.९ |
| **जम्मा** | | **१२.००** | **२१६.००** | **२२८.००** | **४.३२** | **११६.५४** | **१२०.८६** | **३६.०** | **५४.०** | **५३.०** |

## ३. भू तथा जलाधार व्यवस्थापन कार्यक्रम

यो कार्यक्रम (ब.उ.शि.नं. ३२९०००१४) खासगरी भू तथा जलाधार संरक्षण गर्ने उद्देश्यले तय गरिएको कार्यक्रम हो । यो कार्यक्रम यस प्रदेशमा रहेको चारवटा भू तथा जलाधार संरक्षण कार्यालयहरू पाल्पा, अर्घाखाँची, रोल्पा र दाङबाट प्रदेशका सबै जिल्लाहरूमा सेवा प्रदान गर्ने गरी कार्यान्वयनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत मुख्य रूपमा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम (पानी मुहान, सिमसार संरक्षण, एक बडा एक पोखरी कार्यक्रम समेत), विपत जोखिम न्युनिकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन र दिगो भू व्यवस्थापन (क्षतिग्रस्त भूमि पुनरुत्थान, बिरुवा उत्पादन, फलफूल डाँले घाँस रोपण आदि) कृयाकलापहरू रहेका थिए । यो कार्यक्रमको लागि ४ वटा भू तथा जलाधार संरक्षण कार्यालयहरूको लागि कुल १२ करोड ७२ लाख बजेट विनियोजन भएकामा जम्मा १२ करोड ४९ लाख ७६ हजार मात्र खर्च भएको देखिन्छ जुन समग्र बजेटको जम्मा ९८.३ प्रतिशत वित्तिय प्रगति रहेको पाइयो । भू तथा जलाधार व्यवस्थापन कार्यालय अनुसार विनियोजित बजेट खर्चको विवरण तालिका ४१ मा देखाइएको छ ।

तालिका नं. ४१ भू तथा जलाधार व्यवस्थापन कार्यक्रम कार्यालय अनुसार बजेट तथा खर्च विवरण

| सि. नं. | कार्यान्वयन निकाय | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | भू तथा ज. व्य. का. दाङ | ७ | ४०० | ४०७ | ६.८६ | ३९७.३३ | ४०४.१९ | ९८.० | ९९.३ | ९९.३ |
| २ | भू तथा ज. व्य. का. रोल्पा | ७ | २२२ | २२९ | ६.६७ | २१९.१५ | २२५.८३ | ९५.३ | ९८.७ | ९८.६ |
| ३ | भू तथा ज. व्य. का. अर्घाखाँची | ७ | २७२ | २७९ | ३.७६ | २६८.८१ | २७२.५७ | ५३.७ | ९८.८ | ९७.७ |
| ४ | भू तथा ज. व्य. का. पाल्पा | ७ | ३५० | ३५७ | ५.९८ | ३४१.२० | ३४७.१८ | ८५.५ | ९७.५ | ९७.२ |
| जम्मा | | २८.०० | १२४४.०० | १२७२.०० | २३.२७ | १२२६.४९ | १२४९.७६ | ८३.१ | ९८.६ | ९८.३ |

## घ) जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम

यो कार्यक्रम (ब.उ.शि.नं. ३२९९११३०) खासगरी जलाधार क्षेत्र तथा सिमसार क्षेत्रहरूको संरक्षण गर्ने उद्देश्यले तय गरिएको कार्यक्रम हो । यो कार्यक्रम यस प्रदेशमा रहेको चारवटा भू तथा जलाधार संरक्षण कार्यालयहरू पाल्पा, अर्घाखाँची, रोल्पा र दाङबाट प्रदेशका सबै जिल्लाहरूमा सेवा प्रदान गर्ने गरी कार्यान्वयनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत मुख्य रूपमा तालतलैया, रनअफ हार्भेष्टिङ ड्याम निर्माण, गल्छी पहिरो नियन्त्रण र खोला किनार संरक्षण जस्ता कृयाकलापहरू रहेका थिए । यो कार्यक्रमको लागि ४ वटा भू तथा

जलाधार संरक्षण कार्यालय एवं डिभिजन वन कार्यालय गुल्मीको लागि कुल ३ करोड २५ लाख बजेट विनियोजन भएकामा जम्मा ३ करोड १९ लाख ९४ हजार मात्र खर्च भएको देखिन्छ जुन समग्र बजेटको जम्मा ९८.४ प्रतिशत वित्तिय प्रगति रहेको पाइयो । जलाधार संरक्षण तथा सिमासार व्यवस्थापन कार्यक्रमको कार्यालय अनुसार विनियोजित बजेट खर्चको विवरण तालिका ४२ मा देखाइएको छ ।

तालिका नं. ४२ जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन (३२९९११३०, शसर्त) बजेट तथा खर्च विवरण

| सि. नं. | कार्यान्वयन निकाय | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | भू तथा ज.व्य.का. दाङ | ० | ११७ | ११७ | ० | ११६.९३ | ११६.९३ | | ९९.९ | ९९.९ |
| २ | भू तथा ज.व्य.का. पाल्पा | ० | ३७ | ३७ | ० | ३६.८५ | ३६.८५ | | ९९.६ | ९९.६ |
| ३ | भू तथा ज.व्य.का. रोल्पा | ० | २६ | २६ | ० | २५.८३ | २५.८३ | | ९९.४ | ९९.४ |
| ४ | डि.व.का. गुल्मी | ० | ७ | ७ | ० | ६.८० | ६.८० | | ९७.१ | ९७.१ |
| ५ | भू तथा ज.व्य.का. अर्घाखाँची | ० | १३८ | १३८ | ० | १३३.५४ | १३३.५४ | | ९६.८ | ९६.८ |
| **जम्मा** | | **०.००** | **३२५.००** | **३२५.००** | **०.००** | **३१९.९४** | **३१९.९४** | | **९८.४** | **९८.४** |

आ.व. २०८०/०८१ मा भू तथा जलाधार व्यवस्थापन कार्यालयको समग्र कार्यक्रम तर्फ विनियोजित बजेट तथा खर्च सम्बन्धी विवरण तलिका नं. ४३ मा दिइएको छ ।भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूले कार्यक्रम तर्फ समग्रमा ९८.२९ % वित्तीय प्रगति गरेको देखिन्छ ।

तालिका नं. ४३ भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूमा विनियोजित कार्यालयगत कुल बजेट तथा खर्च विवरण (कार्यक्रम तर्फ)

| सि. नं. | कार्यान्वयन निकाय | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | भू तथा ज.व्य. का. दाङ | ७ | ५१७ | ५२४ | ६.८६ | ५१४.२६ | ५२१.१२ | ९८.०० | ९९.४७ | ९९.४५ |
